नेपाल सुनचाँदी व्यवसायी महासंघ
Federation of Nepal Gold & Silver Dealers' Association

# स्वर्ण दर्पण

त्रैमासिक बुलेटिन
वर्ष ४ अंक २
ने.स. ११४२ जेष्ठ २०७९

## प्रधानमन्त्री देउवा र महासंघका पदाधिकारीहरूबीच भेटवार्ता

### सुनचाँदी ब्यवसाय सञ्चालन सम्वन्धी ऐन ल्याउन ब्यवसायीको आग्रह

फेनेगोसिडा/काठमाडौं।

प्रधानमन्त्री शेर बहादुर देउवा र नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरुबीच भेटवार्ता भएको छ । प्रधानमन्त्रीको सरकारी निवास वालुवाटारमा भएको भेटवार्तामा महासंघका पदाधिकारीहरुले सुनचाँदी व्यवसाय सञ्चालन सम्वन्धी प्रष्ट ऐन ल्याउन आग्रह गरे।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वमा २०७८ साउन ११ गते गएको महासंघको प्रतिनिधि मण्डलले प्रधानमन्त्री देउवासँग प्रष्ट ऐन तथा नीति निर्देशिकाको अभावमा व्यवसाय सञ्चालनमा कठीनाइ उत्पन्न भएको भन्दै यथासिघ्र ऐन निर्माणका लागि सरकारको ध्यानाकर्षण गराउनु भयो।

त्यस क्रममा प्रधानमन्त्री देउवाले सुनचाँदी व्यवसायी महासंघले राखेका माग सम्बोधन गर्न पहल गर्ने आश्वासन दिनुभयो। उहाँले व्यवसायी माथि परेका समस्या समाधान गर्न सरकार सदैव तयार रहेको बताउनु भयो।



त्यसक्रममा नेपाली काँग्रेसका नेता मिन बहादुर बिश्वकर्माले व्यवसायीका लागि आवश्यक पर्ने ऐन निर्माणका लागि आफ्नो तर्फवाट सक्दो सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गर्नु भयो। उहाँले सुनचाँदीको कारोबार सम्बन्धी ऐन नहुँदा सुनचाँदी व्यवसाय सञ्चालनमा समस्या आएको बिषयमा आफू जानकार रहेको उल्लेख गर्दै यो समस्या सिघ्र समाधान हुनुपर्ने आवश्यकता औंल्याउनु भयो।

प्रधानमन्त्री देउवासँगको भेटकाक्रममा महासंघका अध्यक्ष शाक्यले सुनचाँदी व्यवसायमा देखिएका समस्याका बिषयमा जानकारी गराउनु भएको थियो । त्यस क्रममा नवनियुक्त प्रधानमन्त्री देउवालाई महासंघका अध्यक्ष शाक्यले महासंघका तर्फवाट बधाई दिनु हुँदै सफल कार्यकालका लागि शुभकामना ब्यक्त गर्नु भएको थियो।

भेटकाक्रममा महासघका तर्फवाट उपाध्यक्षहरु विपिन रामुदामु, शिव कुमार सर्राफ, महेन्द्र रत्न शाक्य, कोषाध्यक्ष सुदिप श्रेष्ठ, सचिव किरणभाई बज्राचार्य, सदस्य सुविन बज्राचार्य लगायतको सहभागिता थियो।

## यस भित्र ...

| पे.नं. | समाचार शीर्षक |
|---|---|
| २. | सुनचाँदीको दरभाउ चाट |
| ३ | सुनचाँदी व्यवसाय सञ्चालनमा देखिएका... |
| ४. | पेशागत सुरक्षाका लागि एकजुट हुन... |
| ५. | बजारमा कच्चा सुनको आपूर्ति बढाउन... |
| ६. | गोल्ड बैंक मार्फत सुनको आयात गर्न... |
| ७. | महासंघको नवौं स्थापना दिवसका अवसरमा... |
| ८. | दाङ्को भालुवाङमा प्रदेश स्तरिय... |
| ९. | सुनचाँदी व्यवसायीमा नीति... |
| १०. | महासंघका विविध क्रियाकलापका झलकहरू |
| १२. | काठमाडौं सुनचाँदी व्यवसायी संघको १९ औं... |
| १३. | नेपाल सुनचाँदी ब्यवसायी संघ काभ्रेको... |
| १४. | ललितपुर सुनचाँदी व्यवसायी संघद्वारा... |
| १५. | करलाई ब्यवहारिक बनाउन सुनचाँदी... |
| १६. | महासंघमा आवद्ध जिल्ला/नगर संघहरूले आयोजना गरेको... |

## महासंघको नवौं स्थापना दिवस भब्य रूपमा सम्पन्न

### केन्द्रिय कार्यालयमा रक्तदान, सातै प्रदेशमा विविध कार्यक्रम

फेनेगोसिडा/काठमाडौं।

नेपाल सुनचाँदी व्यवसायी महासंघको नवौं स्थापना दिवस भब्य रुपमा सम्पन्न भएको छ। नवौं स्थापना दिवसको अवसरमा शुक्रबार महासंघको केन्द्रिय कार्यालयमा वृहत रक्तदान कार्यक्रमको आयोजना गरियो भने सातै वटा प्रदेश महासंघ तथा बिभिन्न जिल्ला तथा नगर संघले विविध कार्यक्रमको आयोजना गरी यो दिवस मनाए।



कार्यक्रमको महासंघका सल्लाहकार समेत रहनुभएका पुर्वमन्त्री एवं प्रतिनिधी सभा सांसद कृष्ण गोपाल श्रेष्ठले उद्घाटन



गर्नुभयो । नवौं स्थापना दिवसको पुर्वमन्त्री श्रेष्ठले केक काटेर उद्घाटन गर्नु भएको थियो। त्यस क्रममा उहाँले सुनचाँदी व्यवसायीहरुलाई एकजुट भएर लाग्न सुझाव दिनुभयो।

स्थापना दिवसको अवसरमा महासंघको आयोजनामा काठमाडौंको नक्साल स्थित भगवति वहालमा रक्तदान कार्यक्रम सम्पन्न भयो। (बाँकी पृष्ठ ९ मा)

Phone: 014532270, Fax: 4532271, E-mail: info@fenegosida.org / Website: www.fenegosida.org

# सम्पादकीय



नेपाल सुनचाँदी व्यवसायी महासंघ नेपाल भरिका सुनचाँदी व्यवसायीहरुको छाता संगठन हो । २०६९ साल फाल्गुण २० गते विधिवत दर्ता भएको यस संस्थामा देशभरिका विभिन्न ६५ वटा जिल्ला/नगर तथा एशोसिएटस सदस्यहरु आवद्ध छन् । २०४४ सालमा देशभरिका सुनचाँदीका व्यवसायीहरुको हक हित र व्यवसायीक अधिकार प्राप्तीका लागि यस महासंघले निरन्तर पहल गरि आएको छ । गुणस्तरीय गरगहनाहरुको उत्पादन, व्यवसायीक इमान्दारीता, उपभोक्तामुखी सेवा र देशको आर्थिक सम्बृद्धिमा योगदान गर्न गराउन महासंघले निरन्तर कार्य गर्दै आईरहेको छ।

देशको बदलिँदो समय सँगसँगै व्यवसायलाई पनि निरन्तर परिवर्तन गर्दै क्रमश: विकसित प्रविधिर सीपहरुको प्रयोग गर्दै नेपालीहरुको धार्मिक, साँस्कृतिक, सामाजिक र आर्थिक पाटोमा गरगहनाका माध्यमबाट जीवनको जन्मदेखि मृत्युसम्मका आवश्यकताहरु पुरा गर्न विभिन्न गरगहना उपलब्ध गराई देशभरिका व्यवसायी पुस्तौं देखि निरन्तर रुपमा सेवारत छन्।

सुनचाँदीको क्षेत्रमा देखिएको विद्यमान समस्याहरूको समाधानका लागि अहिले कम्तिमा पनि सम्पूर्ण व्यवसायी एक हुनु पर्ने आवस्यकता छ । एकता नै वल हो भन्ने पुरानो उखानलाई हामीले भुल्नु हुँदैन । समग्र व्यवसायी एकतावद्ध हुन सकेको खण्डमा जस्तो सुकै समस्या पनि सहजै समाधान गर्न वल पुग्दछ । यही मर्म अनुरुप व्यवसायीहरुले सामुहिक रुपमा काम गर्नकै निमित्त कार्यगत एकता गर्न शुरु गरेको अवस्था छ।

पछिल्ला केही बर्षयता सुन आयाताको अन्य स्रोतहरू सुक्दै गएको छ। झिटि गुण्टाको आदेश अनुसार नगन्य रूपमा मात्र सुन ल्याउन पाउने व्यवस्था भयो । लाहुरेहरूले ल्याउने सुन पनि आउन छाड्यो। हाल राष्ट्र बैंकले विभिन्न वाणिज्य बैंकहरू मार्फत मात्रै सुन आयात गर्न पाउने एकल व्यवस्था गरेको छ। त्यसमा पनि मुलुकको आर्थिक अवस्थालाई देखाउँदै सरकारले आयातमा सिमा तोकिएको छ। हाल दैनिक १० किलो बैंक मार्फत ल्याउने व्यवस्था छ।

नेपालमा वर्षेनी करिब ३० अर्ब रुपियाँ बराबरको सुन आयात भइरहेको अनुमान छ। नेपालमा दुवई, हङकङ, सिंगापुर, मलेसिया लगायतका देशवाट सुन आयात हुने गरेको छ। यी देशमध्ये पछिल्लो समयम दुवइवाट बढी आयात हुने गरेको छ। हाल नेपालमा २२ र २४ क्यारेटका सुनको बढी कारोवार हुन्छ।

# महासंघका अध्यक्ष शाक्य नेपाल चेम्बर अफ कमर्सको कार्यसमिति सदस्यमा मनोनित



फेनेगोसिडा/काठमाडौं।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्य नेपाल चेम्बर अफ कमर्सको कार्यसमिति सदस्यमा मनोनित हुनभएको छ। चेम्वरका अध्यक्ष राजेन्द्र मल्लले रिक्त सदस्यमा शाक्यलाई २०७८ फागुन १९ गते मनोनित गर्नु भएको हो।

यसअघि नेपाल चेम्बर अफ कमर्सले सुन चांदी रत्न आभूषण खानी तथा भूगर्भ समिति गठन गरेको थियो । चेम्बरको कार्य समितिका तत्कालिन सदस्य स्व. रमेश महर्जनको सभापतित्वमा गठित समितिको उपसभापतिमा नेपाल सुनचाँदी महासंघका उपाध्यक्ष दियेश रत्न शाक्य मनोनित हुनु भएको थियो।

# सुनचाँदीको दरभाउ चार्ट

## (२०७८ श्रावण - २०७९ बैशाखसम्म)

Gold graph in 10 gms

Gold



Silver graph in 10 gms

Silver



# सुनचाँदी ब्यवसाय सञ्चालनमा देखिएका समस्या समाधान गर्न पहल गर्छौं: गृहमन्त्री खाँण

फेनेगोसिडा/काठमाडौं।

गृहमन्त्री वालकृष्ण खाँणले सुनचाँदी व्यवसाय सञ्चालनमा क्रममा देखापर्ने समस्याहरुलाई समाधान गर्न सरकारले सहयोग गर्ने बताउनु भएको छ।



नेपाल सनचाँदी व्यवसायी महासंघको प्रतिनिधि मण्डलसँग २०७८ साउन १८ गते भएको भेटकाक्रममा मन्त्री खाँडले व्यवसाय सञ्चालनका क्रममा देखिने जुनसुकै समस्या समाधानका लागि मन्त्रालयले आवश्यक पहल गर्ने प्रतिवद्धता जनाउनु भएको हो।

'मुलुकको कानूनले तोकेको सिमाभित्र रही कुनै पनि पेशा व्यवसाय निर्वाधरुपमा सञ्चालन गर्न पाउनु सवैको अधिकार हो', मन्त्री खाँडले भन्नु भयो 'यसरी व्यवसाय सञ्चालन गर्दा कहीँ कतै वाट समस्याहरु आइपर्छन् भने त्यसलाई हटाउन हामी तयार छौं।' सुनको खरिद विक्री, ओसार पसार, गरगहनाको निर्यात जस्ता कार्यहरु गर्दा कहीँ कतैवाट अप्ठ्यारो पर्न नहुने भन्दै उहाँले व्यवसाय सञ्चालनका दौरानमा अनावश्यक झन्झट र समस्या आएमा त्यसको निराकरणका लागि सरकारले सक्दो सहयोग गर्ने प्रतिवद्धता उहाँले जनाउनुभयो।

गृहमन्त्री खाँणसँगको भेटका क्रममा महासंघका अध्यक्ष माणिकरत्न शाक्यले सुनचाँदी व्यवसाय सञ्चालनका क्रममा व्यवसायीले भोग्नु परेका विभिन्न किसिमका समस्याहरुको बारेमा जानकारी गराउनुभएको थियो।

उहाँले व्यवसायीले तोकिएको प्रकृया पुरा गरेर खरिद गरेको सुन ओसार पसार गर्दा पनि अनावश्यक रुपमा झमेला ब्यहोर्नु पर्ने, सुन खरिद विक्रिका क्रममा अनावश्यक झन्झटहरु आइपर्ने, अनाहकमा व्यवसायीलाई दुःख दिइने र झुटा मुद्दाहरु लगाइने जस्ता समस्याहरुको बारेमा मन्त्री खाँडलाई जानकारी गराउनु भएको थियो। यस्तै दिन दाहाडै व्यवसायीको हत्यागर्ने, चोरी र लुटपाट गर्ने जस्ता घट्नाहरु बढ्दै गएकोमा पनि उहाँले गृह मन्त्री खाँडको ध्यानाकर्षण गराउँदै ब्वसायीलाई महशुस हुनेगरी शान्ति सुरक्षाको प्रत्याभुति दिलाउन आग्रह गर्नु भएको थियो।

मन्त्री खाँणसँगको भेटका क्रममा महासंघको तर्फवाट अध्यक्ष शाक्य सहित महासचिव धर्मसुन्दर बज्राचार्य, कोषाध्यक्ष सुदिप श्रेष्ठ, सचिव किरण भाइ बज्राचार्य लगायको उपस्थिति रहेको थियो।

# नेपाल सुनचाँदी ब्यवसायी महासंघको प्रदेश स्तरीय बैठक सम्पन्न

फेनेगोसिडा/काठमाडौं।

नेपाल सुनचाँदी व्यवसायी महासंघको प्रदेश स्तरीय वैठक सम्पन्न भएको छ। महासंघको आयोजनामा देशका सातै प्रदेशमा २०७८ असार २३ गते देखि आयोजना गरिएको सप्ताहव्यापी भर्चुवल वैठक ३० असारमा सकिएको हो।



सुनचाँदी व्यवसाय र यस क्षेत्रका विभिन्न बिषयवस्तु माथि केन्द्रित रहेर बैठकको आयोजना गरिएको हो। बैठकमा सुनचाँदी व्यवसायमा देखिएका मसस्या र तीनको निराकरणका लागि चाल्नुपर्ने कदम लगायतका बिषयमा छलफल भएको थियो।

त्यसक्रममा महासंघका अध्यक्ष माणिकरत्न शाक्यले व्यवसायीलाई जागरुक वनाउन, उनीहरुलाई परेका बाधा ब्यवधान हटाउन र व्यवसायीक सचेतना वृद्धिगर्न सवै प्रदेशलाई समेटेर दैनिकरुपमा सात दिनसम्म बैठकको आयोजना गरिएको बताउनुभयो। उहाँका अनुसार बैठकमा व्यवसायीहरुले व्यवसाय सञ्चालनका क्रममा देखिएका समस्याका बारेमा जानकारी गराएका थिए। त्यसक्रममा महासंघका तर्फवाट व्यवसायीमाथि परेका अप्ठ्यारा कुराहरुको समाधानका लागि महासंघले पहल गर्ने आश्वासन दिइएको थियो।

सप्ताहव्यापी भर्चुवल वैठकमा व्यवसायीहरुले कच्चा पदार्थको पर्याप्त आपूर्ति हुन नसकेको, नेपाल राष्ट्र बैंकले विभिन्न नाकाहरुबाट स्थानिय रुपमा नै सुन उपलब्ध गराउने व्यवस्था गरेको भए पनि बैंकहरुले त्यस अनुसार सहज रुपमा स्थानिय स्तरवाट सुन उपलब्ध नगराएको बताए। यस्तै वैठकमा महासंघ प्रदेश संरचनामा गए पनि कतिपय बिषयहरुमा प्रष्टता नहुँदा कार्य सम्पादनमा बाधा पुगेको, कोरोना महामारिका कारण लामो समय सम्म व्यवसाय सञ्चालन गर्न नसक्दा आर्थिक समस्या सृजना भएको लगायतका बिषयमा छलफल भएको थियो।

त्यसक्रममा महासंघका महासचिव धर्मसुन्दर बज्राचार्यले महासंघका विभिन्न गतिविधीहरुलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। त्यसमा महासंघले हालसम्म गरेका गतिविधी र आगामी दिनमा गर्नुपर्ने कार्यहरुलाई समेटिएको थियो।

महासंघका अध्यक्ष शाक्यको अध्यक्षतामा भएको वैठकमा निवर्तमान अध्यक्ष मोहन कुमार सुनार, विशिष्ट सदस्य मणिरत्न शाक्य, वरिष्ठ उपाध्यक्ष अर्जुन रसाइली, प्रथम उपाध्यक्ष मोहनकाजी शाक्य, दित्तिय उपाध्यक्ष दियेशरत्न शाक्य, तृतिय उपाध्यक्ष विपिन रामुदामु, महासचिव बज्राचार्य, सचिव द्वय किरण भाई वज्राचार्य र वावुराम विश्वकर्मा, कोषाध्यक्ष सुदिप श्रेष्ठ लगायको सहभागिता थियो। यस्तै वैठकमा महासंघका विभिन्न पदाधिकारी एवं प्रदेश तथा जिल्ला नगर संघका पदाधिकारी तथा सदस्यहरुको पनि सहभागिता रहेको थियो।

# पेशागत सुरक्षाका लागि एकजुट हुन सुनचाँदी व्यवसायीको आग्रह

फेनेगोसिडा/काठमाडौं।



सुनचाँदी व्यवसायीहरुले व्यवसायीक सुरक्षाका लागि व्यवसायीहरुबीच एकता हनुपर्ने खाँचो औंल्याएका छन् । व्यवसायीबीच एकता हुन नसके त्यसको असर समग्र सुनचाँदी व्यवसायमा पर्ने भएकोले एकै प्रकृतिका संस्थाहरु आपसमा मिलेर अगाडि बढ्नु पर्ने खाँचो उनीहरुले औंल्याए।

नेपाल सुनचाँदी व्यवसायी महासंघले, नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघका नवनिर्वाचित पदाधिकारीहरुको सम्मानमा २०७८ माघ ३ गते सोमबार काठमाडौंमा आयोजना गरेको वधाई तथा स्वागत कार्यक्रममा सहभागी व्यवसायीहरुले दुई महासंघवीच आपसी एकताको खाँचो औंल्याए।

कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यले व्यवसायीहरु एकजुट भएर अगाडि बढ्न सके जस्तो सुकै अप्ठ्यारा र चुनौतिहरुलाई पनि सहजै चिर्न सकिने बताउनु भयो। सुनचाँदी व्यवसायीले कच्चा पदार्थको अभाव देखि अन्य धेरै समस्या झेल्नु परेको उल्लेख गर्दै उहाँले यसको समाधानका लागि नेपाल सुनचाँदी व्यवसायी महासंघ र नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघवीच कम्तिमा पनि साझा मुद्दामा एकता हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

त्यस क्रममा रत्न तथा आभुषण महासंघका नवनिर्वाचित अध्यक्ष सुरेश मान शाक्यले सवै सुनचाँदी व्यवसायीका मुद्दा एउटै भएकोले मिलेर अगाडि बढ्नु पर्ने खाँचो औंल्याउनु भयो। त्यस क्रममा महासंघका बिशिष्ट सदस्य मणिरत्न शाक्यले दुई महासंघ बीच कम्तिमा पनि कार्यगत एकता हुनुपर्ने खाँचो औंल्याउनु भयो।

कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका तर्फवाट नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघका नवनिर्वाचित पदाधिकारीलाई स्वागत तथा सम्मान गरिएको थियो ।

## स्वर्गीय सुनिल श्रेष्ठको परिवारलाई आर्थिक सहयोग हस्तान्तरण




फेनेगोसिडा/काठमाडौं।

नेपाल सुनचाँदी व्यवसायी महासंघका कर्मचारी स्वर्गीय सुनिल श्रेष्ठको परिवारलाई महासंघको तर्फवाट आर्थिक सहयोग हस्तान्तरण गरिएको छ । महासंघका अध्यक्ष माणिकरत्न शाक्यले महासंघका तर्फवाट र विभिन्न व्यवसायीहरुले स्वस्फूर्तरुपमा उपलब्ध गराएको रकम समेत गरी २०७८ असार ३० गते स्वर्गिय श्रेष्ठकी पत्नीलाई हस्तान्तरण गर्नुभएको हो।

अध्यक्ष शाक्यले स्वर्गिय श्रेष्ठको परिवारलाई केही हदसम्म भए पनि सहयोग पुगोस भन्ने उद्धेश्यले महासंघले आफ्नो सामाजिक उत्तरदायित्व अभियान अन्तर्गत सो रकम उपलब्ध गराएको जानकारी दिनुभयो । त्यस क्रममा महासंघका कोषाध्यक्ष सुदिप श्रेष्ठ लगायतका विभिन्न व्यक्तिहरुको उपस्थिति रहेको थियो।

महासंघका लामो समयसम्म कर्मचारीका रुपमा योगदान गर्नुभएका श्रेष्ठको उपचारको क्रममा अल्पआयुमा नै मृत्यु भएको थियो।

## त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र विभागका डिनसँगको भेटघाट



फेनेगोसिडा/काठमाडौं।

नेपाल सनुचाँदी व्यवसायी महासंघको प्रतिनिधि मण्डलले त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र विभागका डिन प्रा.डा. कुसुम शाक्यसँग समसामयिक बिषयमा भेटवार्ता गरेको छ । २०७८ असार ३० गते महासंघका अध्यक्ष माणिकरत्न शाक्यको नेतृत्वको महासंघको प्रतिनिधि मण्डलले उहाँसँग भेटवार्ता गरेको हो । त्यस क्रममा विश्वविद्यालयको पाठ्य क्रममा सुनचाँदी व्यवसायलाई समेट्न आग्रह गरिएको थियो।

## महासंघका सल्लाहकार तेजरत्न शाक्यलाई पत्नी शोक

फेनेगोसिडा/काठमाडौं।



नेपाल सुनचाँदी ब्यबसायी महासंघका सल्लाहकार, महासंघका निवर्तमान विशिष्ट सदस्य एवं सुनचाँदी ब्यवसायी संघका पुर्व अध्यक्ष तेजरत्न शाक्यको जीवन संगिनी मीनादेवी शाक्यको २०७८ भदौ १२ गते शनिबार दु:खद निधन भएको छ।

विगत केही समय देखि स्वास्थ्यमा समस्या आई उपचार गराउनु भएकी शाक्यको शनिबार दिउँसो उपचारकै क्रममा मृत्यु भएको हो।

उहाँको मृत्युको खबरले सिङगो सुनचाँदी ब्यवसायी महासंघ स्तब्ध र अत्यन्त मर्माहत भएको महासंघका प्रवक्ता मनोज कुमार साहद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । महासंघले यस दुखद घडीमा स्वर्गिय आत्मामा भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजन एवं शुभचिन्तक सवैमा शोकलाई शक्तिमा परिणत गर्ने साहस मिलोस भन्ने कामना सहित सम्पूर्ण महासघं परिवारको तर्फवाट हार्दिक समवेदना ब्यक्त गरेको छ।

यसै वीच महासंघका अध्यक्ष माणिकरत्न शाक्यको नेतृत्वमा २०७८ भदौ १५ गते महासंघको प्रतिनिधी मण्डलले सल्लाहकार शाक्यलाई भेटगरी महासंघको तर्फवाट समवेदन ब्यक्त गरेको छ । त्यस क्रममा महासंघका विभिन्न ब्यक्तिहरुको उपस्थिति रहेको थियो।

# आर्थिक विकास र रोजगारीको अवसर सृजना गर्नमा सुनचाँदी क्षेत्रको योगदान महत्वपूर्ण: डा. पौडेल



फेनेगोसिडा/काठमाडौं।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्व नाथ पौडेलले मुलुकको आर्थिक विकास र रोजगारीको अवसर सृजना गर्नमा सुनचाँदी क्षेत्रको योगदान महत्वपूर्ण हुने बताउनु भएको छ। यो क्षेत्रवाट बर्षेनी अरवौंको राजस्व प्राप्त हुने मात्र नभई लाखौको संख्यामा रोजगारीको अवसर समेत सृजना हुने भएकोले मुलुकको आर्थिक विकास र परिवर्तनमा यो क्षेत्रमा भूमिका महत्वपूर्ण रहेको उहाँले बताउनुभएको हो।

नेपाल सनचाँदी व्यवसायी महासंघको प्रतिनिधिमण्डलसँग २०७८ साउन १८ गते भएको भेटकाक्रममा उपाध्यक्ष पौडेलले सुनचाँदी क्षेत्रको विकास र विस्तारकालागि राज्यले आवश्यक पहल गर्ने बताउनुभयो। सुनचाँदी क्षेत्रका एजेण्डाहरुलाई राष्ट्रिय नीतिमा समावेसगरी त्यसलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन सके यो क्षेत्रवाट अरुबढी लाभ लिन सकीने उहाँको भनाई छ। मौलिक गरगहनाको संरक्षण र प्रवर्द्धन, खानी उत्खनन्, निर्यात प्रवर्द्धन जस्ता बिषयलाई आयोगले महत्वका साथ हेर्ने प्रतिवद्धता पनि त्यसक्रममा उहाँले व्यक्त गर्नुभयो।

उपाध्यक्ष पौडेलसँगको भेटकाक्रममा महासंघका अध्यक्ष माणिक रत्न शाक्यले सुनचाँदी व्यवसाय सञ्चालनकाक्रममा व्यवसायीले भोग्नु परेका विभिन्न किसिमका समस्याहरुको बारेमा जानकारी गराउनुभएको थियो। उहाँले यो व्यवसायको विकास र विस्तारका लागि राज्यले अवलम्वन गर्नुपर्ने नीतिका बारेमा प्रकाश पार्नुभएको थियो। बजारमा पर्याप्त मात्रामा कच्चा पदार्थको समेत आपूर्ति हुन नसक्दा यसवाट व्यवसाय सञ्चालनमा समस्या सृजना भएको उहाँको भनाई छ।

उपाध्यक्ष पौडेलसँगको भेटका क्रममा महासंघको तर्फवाट अध्यक्ष शाक्य सहित महासचिव धर्मसुन्दर बज्राचार्य, कोषाध्यक्ष सुदिप श्रेष्ठ, सचिव किरण भाई बज्राचार्य लगायको उपस्थिति रहेको थियो।

# बजारमा कच्चा सुनको आपूर्ति बढाउन माग गर्दै व्यवसायी पुगे राष्ट्र बैंक

फेनेगोसिडा/काठमाडौं।

बजारमा कच्चा सुनको कमी हुन थालेपछि सुनचाँदी व्यवासयीहरुले आपूर्ति व्यवस्था बढाउन माग गरेका छन्। नेपाल सुनचाँदी व्यवासायी महासंघको प्रतिनिधि मण्डलले २०७९ बैशाख २१ गते नेपाल राष्ट्र बैंक पुगेर आपूर्ति बढाउन आग्रह गरेको हो।

महासंघका अध्यक्ष माणिकरत्न शाक्यको नेतृत्वमा गएको महासंघको प्रतिनिधि मण्डलले राष्ट्र बैंकको विदेशी विनिमय विभागका कार्यकारी निर्देशक रामु पौडेल समक्ष भेटगरी सुन अभावको बारेमा जानकारी गराउनुका साथै सुनचाँदी व्यवसायमा देखिएका अन्य बिषय वस्तुहरुको समते जानकारी गराएको हो।

त्यस क्रममा महासंघका तर्फवाट बजारमा माग र आपूर्तिबीच चरम असन्तुलन रहेको उल्लेख गर्दै तत्काल कच्चा सुनको आपूर्ति व्यवस्था बढाउन आग्रह गरिएको महासंघका अध्यक्ष माणिक रत्न शाक्यले बताउनुभयो। उहाँका अनुसार चाडवाडको समयमा दैनिक ३५ देखि ४० किलोसम्म र अन्य सामान्य समयमा दैनिक २५ देखि ३० किलो सुनको माग रहेको छ। हाल व्यवसायीहरुले दैनिक १० किलोका दरले मात्र कच्चा सुन पाउँदै आएका छन्।

कार्यकारी निर्देशक पौडेलसँगको भेटकाक्रममा अध्यक्ष शाक्यले सुनको सहज आपूर्ति व्यवस्था मिलाइनु पर्ने, नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशिकामा उल्लेख भए अनुरुप क्षेत्रगत रुपमा विभिन्न नौ वटा नाकाहरुवाट कच्चा सुन



वितरणको व्यवस्था मिलाइनु पर्ने, सुनचाँदी व्यवसायीले सवै बैंकका खाता खोल्नुपर्ने बाध्यात्मक व्यवस्था हटाई एकल खाता प्रणालीमा जानुपर्ने माग राख्नुभयो।

यस्तै सुन आयातमा बैंकको एकाधिकार तोडी निजी क्षेत्रलाई पनि सहभागी गराइनु पर्ने, गोल्ड एक्सचेञ्ज स्थापनका लागि पहल गर्नुपर्ने, कोरोना प्रभावित सुनचाँदी व्यवसायीलाई पुर्नकर्जाको व्यवस्था मिलाइनु पर्ने, चाँदीको आयातलाई व्यवस्थित वनाइनु पर्ने लगालयतका मागहरु प्रस्तुत गर्नु भयो। भेटका क्रममा महासंघका तर्फवाट निवर्तमान अध्यक्ष मोहन कुमार सुनार, वरिष्ठ उपाध्यक्ष अर्जुन रसाइली, प्रथम उपाध्यक्ष मोहन काजी शाक्य, महासचिव धर्मसुन्दर बज्राचार्य लगायतको सहभागिता रहेको महासंघका प्रवक्ता मनोज कुमार साहले जानकारी दिनु भयो।

पछिल्लो समयमा दैनिक १० किलोका दरले कच्चा सुन उपलब्ध गराउने व्यवस्था छ। यसले बजारको माग धान्न नसक्दा व्यवसायी मर्कामा परेका छन्।

# बहुमुल्य धातुको कारोबार गर्ने व्यवसायीहरूकालागि जारी निर्देशिका व्यवहारिक वनाउन सुनचाँदी व्यवासायीको आग्रह

फेनेगोसिडा/काठमाडौं।

नेपाल सुनचाँदी व्यवसायी महासंघले 'बहुमुल्य धातु वा वस्तुको कारोबार गर्ने व्यवसायीहरुका लागि जारी निर्देशिका व्यवहारिक वनाउन सरकारसँग आग्रह गरेको छ। निर्देशिकाका कतिपय बुँदाहरु व्यवहारिक नभएको भन्दै त्यसलाई व्यवहारिक वनाउन महासंघले आन्तरिक राजस्व विभागसँग आग्रह गरेको हो।

महासंघका अध्यक्ष माणिकरत्न शाक्यको नेतृत्वमा गएको महासंघको प्रतिनिधि मण्डलले निर्देशिकामा उल्लेख गरिएका मापदण्ड पुरागर्न साना व्यवसायीहरुलाई अप्ठ्यारो परेको उल्लेख गर्दै त्यसलाई संशोधन गर्न आग्रह गर्नुभयो। अहिलेकै निर्देशिका कार्यान्वयन हुँदा व्यवसायीलाई असहज हुने र साना व्यवसायी पलायन हुनु पर्ने अवस्था समेत आउन सक्ने उहाँको भनाई छ।

विभागका निर्देशक वोलराज आचार्यले उक्त निर्देशिका व्यवसायीलाई दुःख दिने नियतले नभई सम्पत्ति शुद्धिकरण गर्न खोज्नेहरुका लागि लक्षित गरी जारी भएकोले व्यवसायीलाई अप्ठ्यारो नहुने



बताउनुभयो। विभागका अन्य विभिन्न अधिकारीहरुको सहभागिता रहेको सो भेटमा महासंघका तर्फवाट अध्यक्ष शाक्य सहित उपाध्यक्ष मोहन काजी शाक्य र पवन कुमार सोमानी, महासचिव धर्मसुन्दर बज्राचार्य तथा पदाधिकारी सदस्य रविन शाक्य लगायतको सहभागिता रहेको थियो।

विभागले गत बर्ष जारी गरेको निर्देशिकामा सुनचाँदी लगायतका वहुमुल्य वस्तुको कारोबार गर्ने संस्थाले सूचकको रुपमा काम गर्नुपर्ने र होलसेल कारोबार गर्ने व्यवसायीको बिवरण विभागमा पठाउनुपर्ने लगायतका विभिन्न बिषय उल्लेख छ।

## सुनचाँदी तथा रत्न आभुषण व्यवसायी महासंघका अध्यक्ष महर्जनप्रति समवेदना व्यक्त



फेनेगोसिडा/काठमाडौं।

सुनचाँदी तथा रत्न आभुषण व्यवसायी महासंघका अध्यक्ष रमेश महर्जनका २०७८ कार्तिक १ गते असामयिक निधन भएकोमा नेपाल सुनचाँदी व्यवसायी महासंले समवेदन व्यक्त गरेको छ । महासंघका अध्यक्ष माणिकरत्न शाक्यको नेतृत्वमा गएको महासंघको प्रतिनिधिमण्डलले स्वर्गिय महर्जनको निवासमा पुगेर समवेदना व्यक्त गरेको हो।

त्यस क्रममा महासंघका तर्फवाट अध्यक्ष शाक्य सहित कोषाध्यक्ष सुदिप श्रेष्ठ, सचिव किरणभाई बज्राचार्य, केन्द्रिय सदस्य हेमराज शाक्य तथा सुजित शाक्य र महासंघका प्रेस सल्लाहकार शिव दुवाडी लगायतको सहभागिता रहेको थियो।

## गोल्ड बैंक मार्फत सुनको आयात गर्न र नाका नाकावाट सहज वितरणको ब्यवस्था मिलाउन राष्ट्रबैंकको ध्यानाकर्षण



फेनेगोसिडा/काठमाडौं।

नेपाल सुनचाँदी व्यवसायी महासंघले सुनको कोटा दैनिक ३० किलो बनाउन नेपाल राष्ट्र बैंकसँग आग्रह गरेको छ । महासंघका अध्यक्ष माणिकरत्न शाक्यको नेतृत्वमा २०७८ कार्तिक २६ गते गएको महासंघको प्रतिनिधि मण्डलले हालको आपूर्ति व्यवस्थाले बजारको माग धान्न नसकेको भन्दै तत्काल आपूर्ति व्यवस्था बढाउन राष्ट्र बैंक सँग आग्रह गरेको हो ।

राष्ट्र बैंकको बिदेशी बिनिमय व्यवस्थापन बिभागका कार्यकारी निर्देशक रामु पौडेल समक्ष मुलुकभर रहेका सुनचाँदी व्यवसायीको संख्या, यो व्यवसायमार्फत प्राप्त रोजगारी, राज्यलाई प्राप्त राजस्व लगायतका बिषय समेटिएको प्रतिबेदन बुझाउँदै महासंघले हाल हुँदै आएको दैनिक १० किलो सुन अपर्याप्त भएको जनाएको हो।

त्यस क्रममा महासंघका अध्यक्ष शाक्यले हाल विभिन्न बाणिज्य बैंक मार्फत सुनको आपूर्ति हुँदै आएकोमा त्यसलाई ब्यवस्थित र प्रभावकारी वनाउन गोल्ड बैंक मार्फत आपूर्ति गर्ने ब्यवस्था मिलाउनु पर्ने आवश्यकता औंल्याउनुभयो। यस्तै विभिन्न नाकावाट सुनको वितरण गर्नुपर्ने नीतिगत ब्यवस्था भए पनि हालसम्म सुनको वितरण काठमाडौं केन्द्रित रहेकोले त्यसलाई विकेन्द्रित गर्दै सहजरुपमा तोकिएका नाकावाट ब्यवसायीले कच्चा सुन पाउने ब्यवस्था मिलाउनु पर्ने खाँचो औंल्याउनु भयो।

ब्यवसयीसँगको भेटका क्रममा कार्यकारी निर्देशन पौडेलले ब्यवसायीका तर्फवाट बुझाइएको प्रतिवेदन ग्रहण गर्नुहुँदै ब्यवसायीका मागलाई सम्वोधन गर्न आवश्यक पहल गर्ने आश्वासन दिनुभयो । भेटमा महासंघका तर्फवाट वरिष्ठ उपाध्यक्ष अर्जुन रसाइली, प्रथम उपाध्यक्ष मोहन काजी शाक्य, कोषाध्यक्ष सुदिप श्रेष्ठ लगायतको उपस्थिति थियो।

## चोरी र लुटपाटका घटना बढेकोमा महासंघको ध्यानाकर्षण

फेनेगोसिडा/काठमाडौं।

देश निर्वाचनको माहौलमा होमिएको बेला चोरी र लुटपाटका घटना बढ्न थालेकोमा नेपाल सुनचाँदी ब्यवसायी महासंघको ध्यानाकर्षण भएको छ। यही बैशाख १२ गते सोमबार राती बुटवल उप-महानगर पालिकाको मध्यबजार अमरपथ विपि चोक वडा नं ६ स्थित दिलबहादुर सुनारको कोटेश्वर गुल्मेली मजुवा सुनचाँदी पसल चोरी भएकोमा गंभिर चासो ब्यक्त गर्दै पुनः यस किसिमका घटना दोहोरिन नदिन गृह प्रशासनसँग माग समेत गरेको छ।

कोटेश्वर गुल्मेली मजुवा सुनचाँदी पसल छेवैको गल्ली बीचको सटर भाडामा लिई फेन्सी पसल सञ्चालन गर्दै आएका व्यक्तिले सो पसलको ताला तोडी त्यहाँ रहेको सुनचाँदीका गरगहना चोरी गरेको छ। पिडितका अनुसार सो पसलवाट पाँच करोड बराबरको धनमाल चोरी भएको छ । गरगहना चोरीमा सम्लग्न व्यक्तिलाई कडा कारवाही गर्न महासंघ जोडदार माग गरेको छ।

सुनचाँदी ब्यवसाय आफैंमा संवेदनशील ब्यवसाय हो । यस ब्यवसायको क्षेत्रमा बारम्वार चोरी, डकैती र लुटपाटका घटना हुने गरेको छ। हाल मुलुक नै निर्वाचनको माहौलमा होमिएका बेला चोरी र लुटपाटका घटनाहरु झनै बढ्न सक्ने भएकोले यसतर्फ थप सचेत हुन र शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन सम्वद्ध निकायसँग महासंघ जोडदार माग गरिएको महासंघका प्रवक्ता मनोज कुमार साहद्धारा जारी विज्ञप्तिमा उल्लेख छ।

## आर्थिक नियमावलीमा सुनचाँदीका मुद्दा समावेस गर्न ब्यवसायीको आग्रह

फेनेगोसिडा/काठमाडौं।

सुनचाँदी ब्यवसायीहरुको छाता संस्था नेपाल सुनचाँदी ब्यवसायी महासंघले आर्थिक नियमावलीमा सुनचाँदीका मुद्धा समावेस गर्न सरकारसँग आग्रह गरेको छ। महासंघका अध्यक्ष माणिकरत्न शाक्यको नेतृत्वमा २०७८ पुष २० गते गएको महासंघको प्रतिनिधी मण्डलले आन्तरिक



राजस्व विभागका तत्कालिन महानिर्देशक शोभाकान्त पौडेलसँग भेटगरी ब्यवसायीका समस्या समाधानगर्न आग्रह गरेको हो।

भेटका क्रममा ब्यवसायीका तर्फवाट खासगरी तीन वटा माग अगाडि सारिएको थियो । त्यसमध्ये पहिलोमा जर्तिको मापदण्डमा एकरुपता कायम गर्दै १० प्रतिशत गर्नुपर्ने छ। हाल जर्ति सम्वन्धी ठोस ब्यवस्था नहुँदा फरक फरक दर कायम हुँदै आएको छ। यस्तै ब्यवसायीले सुनचाँदी जस्तो वहुमुल्य धातुको कारोवारमा नगद करोबारको सिमा ५० हजारवाट बढाएर १० लाख पुर्याउनुपर्ने माग गरेको छन् । ब्यवसायीले अगाडि सारेको तेस्रो मागमा लेखा परीक्षण सम्वन्धी ब्यवस्थमा एकरुपमा हुनुपर्ने रहेको छ ।

ब्यवसायी संगको भेटका क्रममा महानिर्देशक पौडेलले ब्यवसायीले उठाएका मागहरुलाई अध्ययन गरी सम्वोधन गर्न पहल गर्ने आश्वासन दिनुभयो । उहाँले भन्नुभयो, 'ब्यवसायीका समस्या साधानगर्न विभागले सदैव सहयोग गर्दै आइरहेको छ। अव पनि के गर्न सकिन्छ त्यो अध्ययनगरी हामी आवश्यक निर्णय लिन्छौं।'

त्यसक्रममा महासंघका अध्यक्ष शाक्यले प्रष्ट कानूनी ब्यवस्थाको अभावमा बजारमा ब्यवसायी बीच दुबिधा उत्पन्न नहोस र जर्ति जस्तो बिषयमा ब्यवसायीले आफू खुशी सिमा निर्धारण गर्दा एउटै सामानको पसल पिच्छे फरक फरक मुल्य कायम नहोस भन्ने उदेस्यले आर्थिक नियमावली मार्फत यसलाई समेट्न आग्रह गरिएको बताउनु भयो । यसवाट सरकारी राजस्वमा समेत योगदान पुग्ने उहाँको भनाई छ।

# महासंघको नवौं स्थापना दिवसका अवसरमा गण्डकी प्रदेशमा कर शिक्षा कार्यक्रम

फेनेगोसिडा/कास्की।

नेपाल सुनचाँदी व्यवसायी महासंघको गण्डकी प्रदेशको आयोजनामा नेपाल सुनचाँदी व्यवसायी महासंघको नवौं स्थापना दिवस भव्यताका साथ सम्पन्न भएको छ। महासंघको गण्डकी प्रदेशका सभापति चन्द्र किशोर गौतमको सभापतित्वमा फागुन २० गते शुक्रबार पोखरामा सो कार्यक्रम सम्पन्न भएको हो।

प्रदेश सरकारका आन्तरिक मामिलामन्त्री डोवाटे विश्वकर्माको प्रमूख आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको हो। यस्तै कार्यक्रममा महासंघका निवर्तमान अध्यक्ष मोहन कुमार सुनार बिशेष



अतिथि रहनु भएको थियो।

सो अवसरमा उक्त प्रदेशका नौ वटै जिल्लाका अध्यक्ष लगायतका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

त्यस क्रममा कर शिक्षा सम्वन्धी विषयमा अन्तरक्रिया भएको थियो। कर सम्वन्धी प्रशिक्षण आन्तरिक राजस्व कार्यालयका कर अधिकृत मदन वहादुर केसी र कम्प्युटर अधिकृत दीपक पौडेलले गर्नु भएको थियो।

महासंघको स्थापना दिवसमा उक्त अवसरमा केक काटेर हर्सोल्लासका साथ मनाइएको थियो। त्यस क्रममा गण्डकी प्रदेशको आन्तरिक मामिला मन्त्री हुनुभएका दोवाटे विश्वकर्मालाई सम्मान गरिएको थियो। प्रदेश सभापति रवीन विश्वकर्माले सञ्चालन गर्नुभएको सो कार्यक्रममा उपसभापति कृष्ण वहादुर विश्वकर्माले धन्यवाद ज्ञापन गर्नु भएको थियो।

## महासंघको लुम्बिनी प्रदेश कार्यलयको उद्घाटन




फेनेगोसिडा/लुम्विनी।

नेपाल सुनचाँदी व्यवसायी महासंघ, लुम्बिनी प्रदेश कार्यलय दाङ भालुवाङ्गमा उद्घाटन तथा प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम २०७८ कात्तिक २७ गते शनिबार सम्पन्न भएको छ। लुम्बिनी प्रदेश राजधानी दाङ भालुवाङ्गको होटेल पौवामा सो कार्यक्रम सम्पन्न भएको हो।

नेपाल सुनचाँदी व्यवसायी महासंघका वरिष्ठ सल्लाहकार प्रेम सेन्चुरी प्रमुख अतिथि तथा नेपाल सुनचाँदी व्यवसायी महासंघका, लुम्बिनी प्रदेशका सभापति बुद्धि बहादुर दियालीको अध्यक्षतामा सो कार्यक्रम सम्पन्न भएको हो। लुम्बिनी प्रदेश सचिव डिल बहादुर खातीले कार्यक्रम सञ्चालन गनु भएको थियो।

## महासंघको मधेश प्रदेशको कार्यालय उद्घाटन



फेनेगोसिडा/जनकपुर।

नेपाल सुनचाँदी व्यवसायी महासंघको मधेश प्रदेशको राजधानी जनकपुरधाममा कार्यालय भवन उद्घाटन कार्य सम्पन्न भएको छ। महासंघको मधेश प्रदेशको सक्रियतामा सो कार्य सम्पन्न भएको हो।

महासंघको मधेश प्रदेशका सभापति रामजी साहले कार्यलय स्थापना गरी व्यवसायीका हक अधिकारका बारेमा काम गर्न शुरु गरिएको बताउनुभयो। उहाँका अनुसार सो प्रदेशमा यदाकदा कच्चा सुनको समस्या देखिएको भए पनि अन्य अवस्था राम्रो रहेको छ।

## १ नम्वर प्रदेश कार्यालयको उद्घाटन




फेनेगोसिडा/धरान।

नेपाल सुनचाँदी व्यवसायी महासंघको १ नम्वर प्रदेश कार्यालय भवनको उद्घाटन कार्यक्रम सम्पन्न भएको छ। महासंघको १ नम्वर प्रदेश कमिटिको आयोजनामा सो कार्यक्रम सम्पन्न भएको महासंघको १ नम्वर प्रदेश सभापति राजु धमलाले जानकारी दिनुभयो।

यसैबीच सो प्रदेशमा महासंघको नवौं स्थापना दिवसका अवसरमा विविध कार्यक्रमको आयोजना गरि मनाइएको छ। त्यसक्रममा उक्त प्रदेशमा व्यवसायिहरुको सहभागिता रहेको थियो।

# दाङ्को भालुवाङमा प्रदेश स्तरिय अभिमुखिकरण कार्यक्रम सम्पन्न




फनेगोसिडा/दाङ।
नेपाल सुनचाँदी व्यवसायी महासंघको नवौं स्थापना दिवस लुम्बिनी प्रदेशको राजधानी भालुवाङमा भव्य रुपमा सम्पन्न भएको छ।
स्थापना दिवसका अवसरमा महासंघले लुम्बिनी प्रदेशको भालुवाङमा प्रदेश स्तरिय कर सम्बन्धि अभिमुखिकरण कार्यक्रम गरि केक काटेर नवौं स्थापना दिवस मनाएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघ लुम्बिनी प्रदेश सभापति बुद्धि बहादुर बिकको सभापतित्व तथा महासंघका केन्द्रीय उपाध्यक्ष जोगलाल विश्वकर्माको प्रमुख आथित्यथामा सम्पन्न भएको उक्त कार्यक्रममा महासंघका प्रदेश अध्यक्ष बुद्धिबहादुर बिकले महासंघको स्थापना र कार्यक्रमको उद्देश्य त्यसको औचित्य, हालसम्म भएका प्रगति र आगामी दिनमा चाल्नुपर्ने कदम लगायतको बिषयमा प्रकाश पार्नु भएको थियो।
प्रमुख अतिथि विश्वकर्माले राज्यले व्यवसायीहरुले व्यसाय गर्दा राज्यको नियम कानुनको पालना गर्नुका साथै रचनात्मक कार्य गर्नु पर्नेमा जोड दिएका थिए । महासंघको स्थापना दिवसकै अवसरमा सहभागीहरुलाई कर सम्बन्धि एक दिने अभिमुखिकरण कार्यक्रम गरिएको थियो । कार्यक्रममा आन्तरिक राजश्व कार्यालय कृष्णनगरका प्रमुख कर अधिकृत दिनेश पाण्डे, कर अधिकृत धनिश्वर अर्यालले कर सम्बन्धी ऐन, नियम तथा नियमावलीका साथै व्यवसायीले व्यवसाय गर्दा अपनाउनु पर्ने सावधानीका बारेमा पनि तालिम दिएका थिए ।
कार्यक्रममा केन्द्रीय सदस्य, जिल्ला अध्यक्ष लगायत पदाधिकारीहरुले शुभकामना दिनुभएको थियो। महासंघका प्रदेश सचिव दिलबहादुर खातीले सञ्चालन गर्नु भएको सो कार्यक्रममा उपाध्यक्ष गोपाल सुनार बराईलीले धन्यवाद ज्ञापन गरि समापन गर्नु भएको थियो।
कार्यक्रममा प्रदेशको १२ वटै जिल्लाका जिल्ला, नगर संघका पदाधिकारी तथा प्रतिनिधिहरु गरि ५० जनाको सहभागिता रहेको थियो। वि.सं २०६९ साल फागुन २० गते महासंघको स्थापना भएको हो।

# कर्णाली प्रदेश कार्यालयको उद्घाटन



फेनेगोसिडा/बिरेन्द्रनगर।
नेपाल सुनचाँदी व्यवसायी महासंघको कर्णाली प्रदेश कार्यालय भवनको बीरेन्द्रनगर सुर्खेतमा उद्घाटन कार्यक्रम सम्पन्न भएको छ। महासंघको कर्णाली प्रदेश कमिटिको आयोजनामा सो कार्यक्रम सम्पन्न भएको महासंघको कर्णाली प्रदेश सभापति जनक सुनारले जानकारी दिनुभयो।
उहाँका अनुसार नेपाल सुनचाँदी व्यवसायी महासंघको नवौं स्थापना दिवसका अवसरमा पनि सो प्रदेशले विविध कार्यक्रमको आयोजना गऱ्यो। त्यस क्रममा वादी समुदायका १ सय ५० भन्दा बढी विद्यार्थीलाई कापी, कलम तथा पुस्तक वितरण गरिएको पनि सभापनि सुनारले वताउनु भयो।

# सुदुरपश्चिम प्रदेश महासंघको कार्यालय उद्घाटन



फेनेगोसिडा/काठमाडौं।
नेपाल सुनचाँदी व्यवसायी महासंघको सुदुरपश्चिम प्रदेश कार्यालय धनगढीमा उद्घाटन गरिएको छ। प्रदेश सभापति सन्तोष लामिछानेका अनुसार महासंघको नवौं स्थापना दिवसमा अवसरमा सो कार्यालय भवनको उद्घाटन गरएको हो । नेपाल सुनचाँदी रत्न तथा आभुषण व्यवसायी महासंघका केन्द्रिय सदस्य तथा जिल्ला अध्यक्ष कमल लामिछानेको प्रमुख आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको थियो।

# सुनचाँदी व्यवसायीमा नीति नियमको चासो



फेनेगोसिडा/काठमाडौं। सुनचाँदी व्यवसायीहरुले व्यवसाय सञ्चालनका लागि प्रष्ट नीति नियम तर्जुमा गर्न सरकारसँग आग्रह गरेका छन् । महासंघका अध्यक्ष माणिक रत्न शाक्यको नेतृत्वमा गएको महासंघको प्रतिनिधि मण्डलले बुधबार वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका तत्कालिन महानिर्देशक प्रेमकुमार श्रेष्ठसँग भेटगरी प्रष्ट नीति वनाउन आग्रह गरेको हो।

सुनचाँदी व्यवसाय र यसको कारोबारका लागि हालसम्म पनि प्रष्ट नीति वन्न नसक्दा व्यवसाय सञ्चालनमा बाधा पुगको भन्दै महासंघका अध्यक्ष शाक्यले सरकारले सुनचाँदी कारोबारको निर्देसिका बनाएमा त्यसलाई अक्षरस पालनागरी अगाडि बढ्न व्यवसायीहरु तयार रहेको बताउनुभयो । आफुहरुले दसौं बर्षदेखि यस बिषयमा आवाज उठाउँदै आएको भए पनि हाल सम्म त्यसको संबोधन हुन नसकेको उहाँको भनाई छ।

सुनचाँदी व्यवसायीसँगको भेटकाक्रममा महानिर्देशक श्रेष्ठले कुनै पनि पेशा व्यवसाय सञ्चालनका लागि प्रष्ट नीति नियम आवश्यक पर्ने कुरा स्वीकार गर्दै सुनचाँदी व्यवसाय, व्यवसायी र आम उपभोक्ता सरोकारलाई समेत समेट्ने गरी नीति वनाउन आफूले पहल गर्ने प्रतिवद्धता जनाउनुभयो । यसकालागि विभिन्न सरकारी निकायमसँग समन्वय गरेर अगाडि बढ्ने बिश्वास उहाँले दिलाउनुभयो।

भेटकाक्रममा सहभागी व्यवसायीहरुले सुनचाँदी व्यवसायीले भोग्दै आउनुपरेका समस्याहरुका बारेमा महानिर्देशक श्रेष्ठको ध्यानाकर्षण गराएका थिए।

त्यस क्रममा महासंघका निवर्तमान अध्यक्ष मोहन कुमार सुनार, वरिष्ठ उपाध्यक्ष अर्जुन रसाइली, प्रथम उपाध्यक्ष मोहन काजी शाक्य, महासचिव धर्मसुन्दर बज्राचार्य, कोषाध्यक्ष सुदिप श्रेष्ठ, मधेश प्रदेश सभापति रामजी साह लगायतका व्यवसायीको सहभागिता रहेको थियो।

प्रष्ट नीतिको अभावमा मुनाफा, ज्यालाजर्ती, टोलरेन्स जस्ता बिषयमा अष्प्रष्टता देखिंदा व्यवसायीहरु बारम्वार अप्ठ्यारो पर्ने गरेका छन्। सरकार र व्यवसायी बीच नीति निर्माणगरी लागू गर्ने सहमति धेरै बर्ष अगाडि नौ भएको भएपनि हालसम्म त्यसको कार्यान्वयन हुन सकेको छैन।

# बागमती प्रदशको प्रथम वार्षिक साधारणसभा




सभापति ज्योतिरत्न बज्राचार्यको सभापतित्वमा सो साधारणसभा सम्पन्न भएको हो। साधारणसभाका व्यवसायिका हक अधिकारका बिषयमा चर्चा भएको महासंघको बागमती प्रदेशकी

फेनेगोसिडा/हेटौंडा। नेपाल सुनचाँदी व्यवसायी महासंघ बाग्मति प्रदेशको प्रथम बार्षिक साधारणसभा हेटौंडास्थित होटेल एभोकाडोमा सम्पन्न भएको छ। महासंघका अध्यक्ष माणिकरत्न शाक्यको प्रमूख आथित्यतामा सो साधारणसभा सम्पन्न भएको हो । महासंघको बागमती प्रदेश सचिव रोहिनादेवी शाक्यले बताउनुभयो । साधारण सभाका विभिन्न व्यक्तिहरुले आ-आफ्नो भनाई राख्नु भएको थियो। त्यस अवसरमा महासंघका तर्फबाट विभिन्न पदाधिकारी तथा सदस्यहरुको समेत सहभागिता रहेको थियो।

## महासंघको नवौं स्थापना दिवस....

महासंघका अध्यक्ष माणिक रत्न शाक्यले महासंघले रक्तदान कार्यक्रमको आयोजना गरी सामाजिक उत्तरदायित्व वहन गरेको बताउनु भयो।

त्यस क्रममा महासंघका बिभिन्न व्यक्तिहरुले कार्यक्रमका बारेमा प्रकाश पार्नु भएको थियो । रक्तदान कार्यक्रममा महासंघका पदाधिकारी, सदस्य, उद्यमी व्यवसायी, कर्मचारी र स्वतन्त्र व्यक्तिहरुले समेत सहभागिता जनाउनु भएको थियो।

महासंघका उपाध्यक्ष एवं रक्तदान कार्यक्रमका संयोजक पवन कुमार सोमानीले स्थापना दिवसमका अवसरमा रक्तदान कार्यक्रम गरी महासंघको राम्रो कामको शुरुवात गरेको बताउनुभयो।

# महासंघका विविध क्रियाकलापका झलकहरू



प्रधानमन्त्री शेर बहादुर देउवासँग भेटगर्दै नेपाल सुनचाँदी व्यवसायी महासंघको प्रतिनिधि मण्डल ।



नेपाल सुनचाँदी व्यवसायी महासंघको नबौं स्थापना दिवसमा अवसरमा आयोजित रक्तदान कार्यक्रमको झलक ।



नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ र नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरु ।



महासंघको नबौं स्थापन दिवसमा अवसरमा आयोजित कार्यक्रममा सहभागिता जनाउँदै महासंघका पदाधिकारी तथा सदस्य एवं अतिथिगण ।



बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशकसँगको भेटका व्यवसायीहरु ।



भर्चुअल बैठकमा सहभागिता जनाउँदै नेपाल सुनचाँदी व्यवसायी महसांघका पदाधिकारी तथा सदस्यहरु ।



नेपाल सुनचाँदी व्यवायी महासंघको पदाधिकारी बैठकमा सहभागी व्यक्तित्वहरु ।



नेपाल सुनचाँदी व्यवसायी महासंघको गण्डकी प्रदेश समितिले आयोजना गरेको कार्यक्रमका सहभागी व्यक्तित्वहरु ।

# महासंघका विविध क्रियाकलापका झलकहरू



नेपाल राष्ट्र बैंकका विदेशी विनिमय विभागका कार्यकारी निर्देशक रामु पौडललाई सुनको आपूर्ति बढाउन माग गर्दै आफ्नो तर्फवाट मागपत्र बुझाउँदै महासंघका पदाधिकारीहरु ।



सुनचाँदी व्यवसायीलाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन आग्रह गृहमन्त्री वालकृष्ण खाँण सँग नेपाल सुनचाँदी व्यवायी महासंघका पदाधिकारीहरु ।



नेपाल सुनचाँदी व्यवसायी महासंघको बागमती प्रदेशको साधारण सभामा सहभागी ।



राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्व पौडेलसँग भेटवार्ताका त्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरु ।



नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरु बालुवाटार स्थित प्रधानमन्त्री निवासमा ।




नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरु वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा ।



नेपाल सुनचाँदी व्यवसायी महासंघका पदाधिकारीहरु आन्तरिक राजस्व विभागमा समसामयिक विषयमा छलफल गर्दै ।



हस्तकला महासंघका नवनिर्वाचित अध्यक्षलाई महासंघमा स्वागत गर्दै नेपाल सुनचादी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्य ।

# काठमाडौं सुनचाँदी ब्यवसायी संघको १९ औं साधारणसभा सम्पन्न

फेनेगोसिडा / काठमाडौं।
काठमाडौं सुनचाँदी ब्यवसायी संघको १९ औं साधारणसभा २०७८ फागुन २८ गते काठमाडौंमा सम्पन्न भएको छ । संघका अध्यक्ष सुरेशमान शाक्यको सभापतित्वमा सो साधारणसभा सम्पन्न भएको हो।
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्र प्रसाद श्रेष्ठको प्रमूख आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको थियो । त्यसक्रममा मन्त्री श्रेष्ठले ब्यवसायीका माग सम्वोधन गर्न आफु तयार रहेको बताउनुभयो।
सुनचाँदी ब्यवसायीलाई ब्यवसाय सञ्चालनका लागि प्रष्ट कानूनको अभाव रहेको देखिएकोले त्यसको ब्यवस्थाकालागि पनि आफ्नो तर्फवाट सक्दो सहयोग गर्ने प्रतिवद्धता उहाँले ब्यक्त गर्नुभयो।
सुनचाँदीका नेपाली मौलिक गरगहना निर्यातको प्रचुर संभावना रहेर पनि त्यस अनुसार गरगहनजा निर्यात भएको नपाइएकोले यस तर्फ लाग्न उहाँले ब्यवसायीहरुलाई आग्रह गर्नुभयो।




कार्यक्रममा नेपाल सुनचाँदी ब्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले ब्यवसायीका विभिन्न पक्षमाथि प्रकाश पार्नुभएको थियो। कच्चा सुनको आपूर्ति ब्यवस्था प्रभावकारी वनाउन ब्यवसायीहरुले गरेको आग्रहलाई सम्वोधन गर्दै उहाँले आवश्यकता अनुसार कच्चा पदार्थ आपूर्तिको सुनिश्चितताका लागि महासंघले पहल गरिरहेको बताउनुभयो।
त्यस क्रममा संघका निवर्तमान अध्यक्ष महेन्द्र रत्न शाक्य, सचिव रोहिनादेवि शाक्य लगायतले संघका विविध पक्षबारे प्रकाश पार्नुभएको थियो । महासंघका बिशिष्ट सल्लाहकार तेजरत्न शाक्य, बिशिष्ट सदस्य मणिरत्न शाक्य लगायतका ब्यीक्तहरुको सहभागिता रहको थियो।

# सुन चाँदी ब्यवसायी संघ गोरखाको अध्यक्षमा टेकबहादुर बिक



फेनेगोसिडा /गोरखा।
सुन चाँदी ब्यवसायी संघ गोरखाको अध्यक्षमा टेकबहादुर बिक चयन भएका छन्। २०७८ असोज २ गते भएको तेस्रो अधिवेशनबाट उहाँ अध्यक्ष चुनिनु भएको हो । अधिवेशनले संघको बरिष्ठ उपाध्यक्षमा रूविन वराईली, प्रथम उपाध्यक्षमा पराजु वराईली, उपाध्यक्षमा तिलक (विक्रम सुनार) चयन हुनुभएको छ।
त्यस्तै महासचिवमा दयाराम सुनार, कोषाध्यक्षमा नारायण सुनार, सचिवमा तारा सुनार, सहकोषाध्यक्षमा राजेश गौतम सर्वसम्मत चयन भएको संघले जनाएको छ। यसै गरी सदस्यहरूमा कमल सुनार, अर्जुन सुनार, सुदिप गौतम, दिनेश वावु सुनार, दिनेश बिक, साजन ढुङ्गाना, बाशु भट्ट, असोक सुनार, गोकर्ण सुनार, दिपेश घिमिरे चयन भएका संघका पूर्व अध्यक्ष कृष्ण सुनारले बताउनु भयो।
संघका निवर्तमान कार्यसमितिका अध्यक्ष पर्वबहादुर विश्वकर्माको अध्यक्षतामा भएको अधिवेशनले टेकबहादुर विकको नेतृत्वमा १९ सदस्यिय कार्यसमिती चयन गरेको हो । अधिवेशनको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि नेपाल सुनचाँदी महासंघका अध्यक्ष माणिकरत्न शाक्य, विशिष्ट अतिथि महासंघका निवर्तमान अध्यक्ष मोहनकुमार सुनार, संघका गण्डकी प्रदेशका सभापति चन्द्रकिशोर गौतम लगायतले शुभकामना मन्तव्य ब्यक्त गरेका थिए।
त्यस्तै महासंघका केन्द्रीय सदस्य राजेन्द्र विश्वकर्मा, चितवन सुनचाँदी संघका उपाध्यक्ष यमबहादुर विक, संघका लमजुङका अध्यक्ष देवबहादुर सुनार, सुनचाँदी महिला समूहकी अध्यक्ष लक्ष्मी विश्वकर्मा लगायतले पनि शुभकामना मन्तव्य ब्यक्त गरेका थिए।

# लमजुङ सुनचाँदी ब्यवसायी संघको साधारणसभा सम्पन्न



फेनेगोसिडा / लमजुङ।
लमजुङ सुनचाँदी ब्यवसायी संघको नवौं स्थापना दिवस तथा सातौं बार्षिक साधारणसभा २०७८ चैत १० गते बिहिबार गेटवे हिमालयन रिसोर्ट बेंसीशहर लमजुङमा सम्पन्न भएको छ।
देव बहादुर विश्वकर्माको अध्यक्षतामा सो साधारणसभा सम्पन्न भएको हो।
नेपाल सुनचाँदी ब्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको प्रमूख आतिथ्यताम सो साधरणसभा सम्पन्न भएको हो । साधारणसभामा महासंघका तर्फवाट अध्यक्ष शाक्य, निवर्तमान अध्यक्ष मोहन कुमार सुनार, केन्द्रिय सदस्य सुविन बज्राचार्य, प्रकाशचन्द्र शाक्य, सुजित शाक्य लगायतको उपस्थिति रहेको थियो।

# भक्तपुर सुनचाँदी ब्यवसायी संघको साधारणसभा सम्पन्न



भक्तपुर सुनचाँदी ब्यवसायी संघको आठौं वार्षिक साधारणसभा २०७८ चैत १२ गते शनिबार भक्तपुरको भादगाउँ स्पोर्टस एण्ड लिजरमा सम्पन्न भएको छ। बागमति प्रदेश सरकारका उद्योग तथा वाणिज्य मन्त्री रजनी जोन्छेको प्रमूख आतिथ्यतामा सो साधारणसभा सम्पन्न भएको हो।
साारणसभामा नेपाल सुनचाँदी ब्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्य बिशिष्ट अतिथिको रहनु भएको थियो। भक्तपुर सुनचाँदी ब्यवसायी संघका अध्यक्ष प्रदिप रत्न शाक्यको सभापतित्वमा सो साधारणसभा सम्पन्न भएको हो । साधारण सभामा महासंघका वरिष्ठ उपाध्यक्ष अर्जुन रसाइली, उपाध्यक्ष दियसरत्न शाक्य, सहकोषाध्यक्ष पद्मसुन्दर शाक्य लगायतको उपस्थिति थियो।

# नेपाल सुनचाँदी व्यवसायी संघ काभ्रेको सातौं बार्षिक साधारण सभा सम्पन्न



फेनेगोसिडा/काभ्रे।

नेपाल सुनचाँदी व्यवसायी संघ काभ्रेका अध्यक्ष दानकाजी शाक्यको सभापतित्वमा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यको प्रमुख अतिथ्यतामा काभ्रे जिल्ला संघको सातौं बार्षिक साधारण सभा तथा चौथो अधिवेशन सम्पन्न भयो । २०७८ चैत २६ गते, शनिबार सम्पन्न उक्त सभामा अतिथिको रुपमा नेपाल सुनचाँदी व्यवसायी महासंघका संथापक अध्यक्ष मणिरत्न शाक्य र नेपाल सुनचाँदी व्यवसायी महासंघ वागमती प्रदेशका संयोजक ज्योतिरत्न शाक्यले शुभकामना मन्तव्य राख्नु भएको थियो। काठमाडौं, भक्तपुर, ललितपुर, नुवाकोट, सिन्धुपाल्चोक जिल्लाका अध्यक्ष एवं प्रतिनिधिहरुको समेत उपस्थिति रहेको थियो। चौथो अधिवेशनबाट उमेश शाक्यको अध्यक्षतामा ११ जना सदस्यीय कार्यसमिति निर्वाचित भएको थियो।

यसैवीच नेपाल सुनचाँदी व्यवसायी संघ काभ्रेका अध्यक्ष दानकाजी शाक्यको सभापतित्वमा आन्तरिक राजस्व विभागबाट जारी बहुमुल्य धातु वा वस्तुको कार्यक्रम सम्पन्न भएको थियो। २०७८ असोज १६ गते शनिबार सम्पन्न उक्त कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका उपाध्यक्ष एंव नेपाल सुनचाँदी व्यवसायी संघ, काभ्रेका सल्लाहकार दियेश रत्न शाक्य र नेपाल सुनचाँदी व्यवसायी महासंघका कार्यसमिति सदस्य एवं काभ्रे जिल्ला संघका निवर्तमान अध्यक्ष रविन शाक्यबाट अभिमुखिकरण गर्ने कार्य भयो।

# नेपालगन्ज सुनचाँदी व्यवसायी संघको नयाँ भवन शिलान्यास



फेनेगोसिडा / नेपालगन्ज

नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले नेपालगन्ज सुनचाँदी व्यवसायी संघको नयाँ भवन शिलान्यास गर्नुभयो। २०७८ फागुन २२ गते सो भवनको शिलान्यास गरिएको हो। त्यस क्रममा अध्यक्ष शाक्यलाई नेपालगन्ज विमान स्थलमा यस संघका अध्यक्ष सलाउद्धीन जसगढ, महासचिव सुखनारायण सोनार र कोषाध्यक्ष हिमान्शु वैश्यबाट स्वागत गरिएको थियो । यसै वीच नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष्य तथा केन्द्रीय पदाधिकारी सदस्य बुद्धि बहादुर बि.के., महासंघका केन्द्रीय सदस्य सुखनारायण सोनार, महासंघका केन्द्रीय सदस्य बालकृण्ण दियाली, महासंघका केन्द्रीय सदस्य कृष्ण बहादुर सुनारलाइ कार्यक्रममा स्वागत गरियो।

यस्तै संघको कार्यालयमा नेपाल सुनचाँदी व्यवसायी महासंघको नवौं स्थापना दिवस यस संघका अध्यक्ष सलाउद्धीन जसगढ को अध्यक्षतामा मनाइयो।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यले नेपालगन्ज सुनचाँदी व्यवसायी संघको नयाँ भवन शिलान्यास गर्नुभयो। २०७८ फागुन २२ गते सो भवनको शिलान्यासगरिएको हो। त्यस क्रममा अध्यक्ष शाक्य लाइ नेपालगन्ज विमानस्थलमा यस संघका अध्यक्ष सलाउद्धीन जसगढ, महासचिव सुखनारायण सोनार र कोषाध्यक्ष हिमान्शु वैश्यहरु बाट स्वागत गरिएको थियो।

यसैवीच नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष्य तथा केन्द्रीय पदाधिकारी सदस्य बुद्धि बहादुर बिक, महासंघका केन्द्रीय सदस्य सुखनारायण सोनार, महासंघका केन्द्रीय सदस्य बालकृण्ण दिपाली, महासंघका केन्द्रीय सदस्य कृष्ण बहादुर सुनारलाइ कार्यक्रममा स्वागत गरियो।

यस्तै संघको कार्यालयमा नेपाल सुनचाँदी व्यवसायी महासंघको नवौं स्थापना दिवस यस संघका अध्यक्ष सलाउद्धीन जसगढ को अध्यक्षतामा मनाइयो।

# ललितपुर सुनचाँदी व्यवसायी संघको नवौं बार्षिक साधारणसभा सम्पन्न



फेनेगोसिडा / ललितपुर।

ललितपुर सुनचाँदी व्यवसायी संघको नवौं बार्षिक साधारणसभा सम्पन्न भएको छ । २०७८ पुस ३ गते शनिबार संघका अध्यक्ष रमेश बहादुर शाक्यको अध्यक्षतामा सम्पन्न भएको हो।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यको प्रमूख आतिथ्यतामा सम्पन्न सो साधारणसभामा महासंघका बिशिष्ट सदस्य मणिरत्न शाक्य, सचिव किरणभाई बज्राचार्य, सदस्य, सुविन बज्राचार्य, राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जन लगायतको सहभागिता रहेको थियो।

साधारणसभाको उद्घाटनका अवसरमा सम्वोधन गर्दै ललितपुर सुनचाँदी व्यवसायी संघका अध्यक्ष शाक्यले सुनको आपूर्ति प्रभावकारी नहुँदा व्यवसायीलाई समस्या परेको बताउनुभयो । त्यस क्रममा व्यवसायीहरुले विभिन्न विषय वस्तु माथि प्रकाश पारेका थिए।

# ललितपुर सुनचाँदी ब्यवसायी संघद्वारा विविध कार्यक्रम आयोजना

फेनेगोसिडा/ललितपुर।

ललितपुर सुनचाँदी ब्यवसायी संघको आयोजनामा बिविध कार्यक्रम सम्पन्न भएको छ । २०७८ मंसिर २० गते महागगरीय प्रहरी परिसर जावलाखेलमा नव नियुक्त बरिष्ठ प्रहरी उपरिक्षक यज्ञ बिनोद पोखरेलको सम्मान तथा बरिष्ठ प्रहरी उपरिक्षक किरण बज्राचार्यको बिदाई कार्यक्रम सम्पन्न गरियो।

यस्तै २०७८ पुस १२ गते भक्तपुर सुनचाँदी ब्यवसायी संघबाट अध्यक्ष



प्रदिप रत्न शाक्य लगायत कार्य समिति पदाधिकारीहरु ललितपुर सुनचाँदी ब्यवसायी सघको भवन

अवलोकनमा आउनु भएकाहरुलाई स्वागत कार्यक्रम गरियो। २०७८ पुस १८ गते ललितपुर सुनचाँदी ब्यवसायी संघका सल्लाहकार तेज रत्न शाक्यबाट हालको बिद्यमान परिस्थिमा सुन तथा चाँदी आपुर्तिको समस्याको बारेमा बृहत्तरुपमा छलफल कार्यक्रम भयो। २०७८ फागुन १९ ललितपुर सुनचाँदी ब्यवसायी संघका संस्थापक अध्यक्ष स्वर्गिय ज्ञानु राज शाक्यको नाममा ट्रस स्थापना गरियो।

## सुनको सहज आपूर्तिका लागि आग्रह

फेनेगोसिडा / रुपन्देही।

बजारको माग अनुसार कच्चा सुन उपलब्ध गराउन माग गर्दै रुपन्देही सुनचाँदी ब्यवसायी संघले २०७८ असार १५ गते नेपाल राष्ट्र बैंकमा ज्ञापन पत्र बुझाएको छ।

यस्तै बडा दशैको उपलक्ष्यमा मिति २०७८ कार्तिक १३ गते वेलवासमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो। यस्तै देवदह न.पा भलही निवासि सुनचाँदी कालिगढ विकाश सुनारको स्वास्थ्य उपचारको लागि ५५०००/- नगद हस्तान्त्रण गरियो। यसैगरी व्यवसायीक भवनको निमार्णको बर्दिया सुनचाँदी व्यवसायी संघलाई ३०,०००/- नगद सहयोग गरिएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय भैरहवालाई २८५०० मुल्यको प्रिन्टर मेसिन हस्तान्त्रण गरिएको छ। यस्तै २०७८ चैत १४ नेपाल अपाङ्ग अनाथ आश्रम बुटवल देविनगरमा २५००० को खाद्यान्न सामाग्री र १३००० नगद हस्तान्त्रण गरियो।

२०७८ फागुन २० नेपाल सुनचाँदी व्यवसायी महासंघको नवौं स्थापना दिवसको उपलक्ष्यमा यस संघद्वारा भिम अस्पताल सिद्धार्थनगरका बिमारीहरुलाई फलफुल वितरण गरियो। यस्तै बुटवलमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो भने मध्यान्नमा दिप प्रज्वलित गरि केककाटेर भव्य रुपमा मनाईएको थियो।

यस्तै संघलाई सफल रुपमा सञ्चालन गर्न तथा व्यवसाय प्रबर्द्धनका लागि यस संघद्वारा चैत्र १२ र १३ गते दुई दिने रणनैतिक कार्य योजना कार्यशाला गोष्ठि कार्यक्रम लुम्बिनी स्थित होटल बुद्धमायाको सभाहलमा संम्पन्न गरिएको थियो।

## दाङ्ग तुलसीपुर सुनचाँदी ब्यवसायी संघको आयोजनामा एक दिने तालिम



फेनेगोसिडा/दाङ। दाङ्ग तुलसीपुर सुनचाँदी ब्यवसायी संघको आयोजनामा ब्यवसायिक भेला तथा लेखा सम्बन्धि एक दिने तालिम सम्पन्न भएको छ। नेपाल सुनचाँदी ब्यवसायी महासंघका कोषाध्यक्ष सुदिप श्रेष्ठको प्रमुख आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको हो। संघका अध्यक्ष हरिकृष्ण बि.क.को अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा महासंघका केन्द्रिय सदस्य लोकबहादुर स्वर्णकार सहित विभिन्न जिल्लाका गरी १२० जना ब्यवसायीको उपस्थिति थियो।

कार्यक्रममा दाङ जिल्ला अडिटर संघका अध्यक्ष ललित घर्तीले लेखा सम्बन्धी तालिम दिनुभएको थियो।

## बुटवल सुनचाँदी व्यवसायी संघद्वारा विविध कार्यक्रम

फेनेगोसिडा /बुटवल।

रुपन्देही सुनचाँदी व्यवसायी संघ अन्तर्गत बुटवल सुनचाँदी व्यवसायी संघले २०७८ मंसिर २५ गते इलाका प्रहरी कार्यालय बुटवलका नव आगतुक डि.एस.पि ठक बहादुर के.सी लाई स्वागत तथा सम्मान कार्याकम सम्पन्न गरेको छ।

कार्यक्रममा प्रमुख अतिथि के .सि, बिशिष्ठ अतिथि बुटवल उपमहानगर पालिका वडा नं. ५ का वडा अध्यक्ष तेज बहादुर सुनार हनुहुन्थ्यो।

यस्तै अतिथिहरु नेपाल सुनचाँदी व्यवसायी महासंघ का उपाध्यक्ष जोग लाल विश्वकर्मा, नेपाल सुनचाँदी व्यवसायी महासंघका सदस्य एम. बि विश्वकर्मा र दिपक कुमार विश्वकर्मा, जिल्लाका पदाधिकारी सदस्यहरु, सल्लाहकार नगर पदाधिकारी तथा सदस्य व्यवसायी उल्लेखिय उपस्थिति रहेको थियो।

यस्तै बुटवल सुनचाँदी व्यवसायी संघले मिति २०७८ पुस ११ नवलपुर जिल्ला अमलटारी थारु होमस्टे मा बुटवल सुनचाँदी व्यवसायी संघका कार्यसमिति लाई रणनैतिक योजना कार्यशाल गोष्ठी तथा प्रशिक्षण कार्याकम गरिएको थियो।

२०७८ फागुन २० गते नेपाल सुनचाँदी व्यवसायी महासंघको ९ औ स्थापना दिवसको अवसरमा दिप प्रज्वलन तथा शुभकामना आदान प्रदान कार्याकम सम्पन्न गरिएको थियो। उक्त कार्याकममा नेपाल सुनचाँदी व्यवसायी महासंघका उपाध्यक्ष जोग लाल विश्वकर्मा प्रमुख अतिथि द्वारा सम्पन्न गरियो।

२०७८ चैत ०३ गते फागु पुर्णिमा को अवसर मा फागु तथा होली मिलन कार्यक्रम तथा २०७९ बैशाख ५ गते नयाँ बर्ष २०७९ सालको अवसरमा शुभकामना आदान प्रदानको आयोजना गरियो।

# करलाई व्यवहारिक बनाउन सुनचाँदी व्यवसायीको आग्रह

फेनेगोसिडा / काठमाडौं।

सुनचाँदी व्यवसायीहरूले राजस्व सम्बन्धी अव्यवहारिक प्रावधानका कारण आफँहरूले अनावश्यक झमेला खेप्नुका साथै पेसा नै खतरामा परेको गुनासो गरेका छन्। उनीहरूले खरिद मुल्यमा नै बिक्री गर्नुपर्ने, मुनाफा भनेको केवल ज्याला र जर्ति मात्र भएको अन्य व्यवसायभन्दा फरक प्रकृतिको सुनचाँदी व्यवसायमाथि लगाइने करको प्रावधानहरूमा पनि व्यवहारिक पाटोको अध्ययन गरेर सुधार ल्याउनुपर्ने माग गरे।




काठमाडौं सुनचाँदी व्यवसायी संघले २०७८ पुष १० गते राजधानीमा आयोजना गरेको आयकर शिक्षा तथा अन्तर्क्रिया कार्यक्रमका सहभागी सुनचाँदी व्यवसायीहरूले आफूहरूले कर तिर्न चाहेको तर करका कतिपय प्रावधानहरू व्यवहारिक नहुँदा समस्यामा परेको बताएका थिए।

कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्यले सुनचाँदीको कारोबारमा नगद कारोबारको सीमा अन्य व्यवसायमा झैं ५० हजार रुपियाँ मात्र तोकिनु अव्यवहारिक भएको बताउनुभयो। महासंघका संस्थापक अध्यक्ष मणिरत्न शाक्यले सुनचाँदीका अधिकांश कालीगढ भारतको कलकत्ताबाट आउने हुनाले उनीहरूलाई प्यान नम्बर दिलाउन कर कार्यालयले सहजीकरण गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक शोभाकान्त पौडेलले करसम्बन्धी सम्पति शुद्धीकरणसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धका कारण कतिपय ऐन नियमहरूलाई व्यवहारमा उर्तान कठीनाई भएको स्वीकार्दै सुनचाँदी व्यवसायीहरूको करसम्बन्धी समस्याहरू समाधानका लागि सहजीकरण गर्न आफँ तत्पर रहेको बताउनुभयो।

कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक मित्रलाल अधिकारीले 'बहुमुल्य धातुको कारोबार गर्ने सँचक संस्थाहरूको नियमनसम्बन्धी व्यवस्था' विषयमा कार्यपत्र प्रस्तुत गर्दै एकै दिनमा कसैले एकपटक वा पटक-पटक गरी १० लाख रुपियाँभन्दा बढीको कारोबार गरेमा त्यस्ता ग्राहकको पूर्ण विवरण अनिवार्य रुपमा राख्नुपर्ने बताउनुभयो।

## तनहुँ सुनचाँदी व्यवसायी संघको पाँचौं वार्षिक साधारणसभा सम्पन्न



फेनेगोसिडा / तनहुँ।

तनहुँ सुनचाँदी व्यवसायी संघ को पाँचौं वार्षिक साधारणसभा एवं तेस्रो अधिवेशन सम्पन्न भएको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको बिशेष उपस्थितिमा २०७८ कात्तिक १३ गते सो साधारणसभा सम्पन्न भएको हो। गण्डकी प्रदेशका मन्त्री दोवाटे बिश्वकर्माको प्रमुख आतिथ्यतामा सम्पन्न सो साधरणसभामा महासंघका निर्वातमा अध्यक्ष मोहन कुमार सुनार, महासंका गण्डकी प्रदेश प्रमुख चन्द्र किशोर गौतम लगायतको उपस्थिति रहेको थियो।

साधरणसभावाट अध्यक्ष पदमा विनोद कुमार वि.क, उपाध्यक्षमा हरि गहतराज, सचिवमा पदम सुनार, कोषाध्यक्षमा रोहित सेन्चुरी, सहसचिवमा रुद्र सुनार लगायतको टिम निर्वाचित भएको छ।

## रूपन्देही सुनचाँदी व्यवसायी संघको छैठौं बार्षिक साधारणसभा



फेनेगोसिडा/रुपन्देही।

रुपन्देही सुनचाँदी व्यवसायी संघको छैठौं बार्षिक साधारणसभा २०७८ फागुन ३० गते कुमारी रिसोर्ट वेलबासमा भएको छ। उक्त साधारण सभामा प्रमुख अतिथि नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष माणिकरत्न शाक्य हुनुहुन्थ्यो।

# नेपाल सुनचाँदी व्यवसायी महासंघमा आवद्ध जिल्ला/नगर संघहरूले आयोजना गरेको साधारण सभा तथा विविध कार्यक्रमहरू मिति २०७८ श्रावण देखि

| मिति | विषय | आयोजक | स्थान | प्रमुख /बिशिष्ट /बिशेष अतिथि /अतिथिको रुपमा सहभागी | सहभागी हुनु हुने |
|---|---|---|---|---|---|
| २०७८/६/ २ गते | गोरखा सुनचाँदी व्यवसायी संघको ६ औं बार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनमा महासंघ अध्यक्षज्यू **प्रमुख अतिथि र** नि. अध्यक्षज्यू **विशेष अतिथि**को रुपमा र पदाधिकारीहरु तथा कार्य समिति सदस्यहरुलाई आमन्त्रीत | गोरखा सुनचाँदी व्यवसायी संघ | होटेल गोरखा प्यालेस, हरमटारी | माणिक रत्न शाक्य, मोहन सुनार | माणिक रत्न शाक्य, मोहन सुनार, अमर घताने, राजेन्द्र विश्वकर्मा, हरि बहादुर विश्वकर्मा |
| २०७८/६/ ८ गते | सुनचाँदी व्यवसायी संघ दमकको बार्षिक साधारण सभा तथा छैठौं अधिवेशनमा महासंघ अध्यक्षज्यू **प्रमुख अतिथि** को रुपमा आमन्त्रीत | सुनचाँदी व्यवसायी संघ दमक, झापा | गोरखा डिपार्टमेण्टको हल, दमक | माणिक रत्न शाक्य | माणिक रत्न शाक्य, मोहन काजी शाक्य, टिका लामगादे, कुमार निरौला |
| २०७८/६/ १६ गते | नेपाल सुनचाँदी व्यवसायी संघ घोराही दांगको २० औं बार्षिक साधारण सभा तथा ११ औं अधिवेशनमा महासंघ अध्यक्षज्यू **प्रमुख अतिथि** को रुपमा आमन्त्रीत | नेपाल सुनचाँदी व्यवसायी संघ घोराही, दांग | होटेल मालाइन | सुदिप श्रेष्ठ | सुदिप श्रेष्ठ , बुदि बहादुर वि.के., ध्रुब कुमार गहतराज, लोक बहादुर स्वर्णकार |
| २०७८/६/ १६ गते | नेपाल सुनचाँदी व्यवसायी संघ, काभ्रेको अध्यक्षज्यूको सभापतित्वमा आन्तरिक राजस्व विभागबाट जारी बहुमुल्य धातु वा बस्तुको कारोबार गर्ने व्यवसायीलाई जारी निर्देशिका २०७० सम्बन्धमा महासंघ उपाध्यक्ष दियेस रत्न शाकय र का.स.स रबिन शाक्यबाट अभिमुखिकरण कार्यक्रम | नेपाल सुनचाँदी व्यवसायी संघ, काभ्रे | काभ्रे | | दियेस रत्न शाक्य, रबिन शाक्य ( गतिबिधि पठाउँदा मात्र जानकारी प्राप्त भएको ) |
| २०७८/७/ ६ गते विहान ०८:०० बजे | सुनचाँदी व्यवसायी समिति, सल्यानको ७ औं साधारण सभा तथा चौथौं अधिवेशनमा अध्यक्षज्यू विशिष्ट अतिथिमा आमन्त्रण | सुनचाँदी व्यवसायी समिति, सल्यानको | होटेल युनाइटेड शा.न.पा. १ श्रीनगर टनउनप्लानिंग | लोक बहादुर स्वर्णकार | लोक बहादुर स्वर्णकार |
| २०७८/७/ १३ गते | तनहूँ सुनचाँदी व्यवसायी संघको ५ औं बार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनमा महासंघ अध्यक्षज्यू **विशिष्ट अतिथि तथा पदाधिकारीहरु अतिथि** को रुपमा आमन्त्रीत | तनहूँ सुनचाँदी व्यवसायी संघ | निम्तो पार्टी प्यालेस, दमौलि | माणिक रत्न शाक्य | माणिक रत्न शाक्य मोहन सुनार चन्द्र किशोर गौतम दुर्गा बहादुर सुनार केश बहादुर सुनार तेज बहादुर वि.क हरि वि.क राजेन्द्र विश्वकर्मा गोविन्द सुनार |
| २०७८/७/ १३ गते | दशैं, तिहार, नेपाल संम्बत, छट, बकरईदको उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रममा महासंघ सल्लाहकार प्रेम कुमार सेन्चुरीज्यू **प्रमुख अतिथि** | रुपनदेही सुनचाँदी व्यवसायी संघ | कुमारी रिसोर्ट बेलबास सभाहल | प्रेम कुमार सेन्चुरी | प्रेम कुमार सेन्चुरी |
| २०७८/७/ १९ गते विहान | नेपाल सम्वत् ११४२ न्हु दँ ( नयाँ बर्ष ) को सु - अवसरमा न्हु दँ समारोह समितिबाट आयोजित | काठमाण्डौं सुनचाँदी व्यवसायी संघ | बसन्तपुर, काठमाण्डौं | | माणिक रत्न शाक्य, महेन्द्र रत्न शाक्य, प्रकाश चन्द्र शाक्य |
| ०७:३० बजे | भिंतुना ग्याली कार्यक्रममा सहभागी हुन काठमाण्डौं सु.चाँ.व्य.सघबाट प्राप्त पत्र अनुसार महासंघबाट सहभागी | | | | |
| २०७८/७/ २९ गते विहान १०:०० बजे | सुनचाँदी गरगहना सम्बन्धी १० दिने तालिम कार्यक्रम उद्घाटन समारोहमा महासंघ अध्यक्ष माणिक रत्न शाक्यज्यू **विशेष अतिथिको** रुपमा आमन्त्रण | सिन्धुपाल्चोक सुनचाँदी व्यवसायी संघ | सुनचाँदी व्यवसायी संघको हल, चौतारा साँगाचोकगढी न.पा. ५ | रबिन शाक्य | रबिन शाक्य, सुब्बा सुनार |
| २०७८/८/ ११ गते | लेखा, सुनचाँदी कारोबारमा आई पर्ने समस्याहरुको निराकरण, कानुनी सचेतना सम्बन्धि व्यवसायिक सचेतातमक कार्यक्रम | तुलसीपुर दाङ सुनचाँदी व्यावसायी संघ | तुलसीपुर दाङ | | सुदिप श्रेष्ठ |
| २०७८/८/ १८ गते | पाल्पा सुनचाँदी व्यवसायी संघको छैठौं बार्षिक साधारण सभा | पाल्पा सुनचाँदी व्यवसायी संघ | पाल्पा | | जोगलाल विश्वकर्मा, दिपक विश्वकर्मा |
| २०७८/०९ /३ गते दिउँसो ३:०० बजे | ललितपुर सुनचाँदी व्यवसायी संघको ९ औं बार्षिक साधारण सभा महासंघ सल्लाहकार श्री तिर्थ रत्न शाक्यज्यू**प्रमुख अतिथि**रहेको कार्यक्रममा महासंघ अध्यक्षज्यू **विशिष्ट अतिथि** र पदाधिकारीहरु **अतिथि**को आसन ग्रहण गरिदिन हुन | ललितपुर सुनचाँदी व्यवसायी संघ | अग्नि पार्टी प्यालेस, कुमारीपाटी | माणिक रत्न शाक्य | माणिक रत्न शाक्य, तेज रत्न शाक्य, मणि रत्न शाक्य, दियेश रत्न शाक्य, बिपेन्द्र रामुदामु, किरणभाई बज्राचार्य, पद्‌म सुन्दर शाक्य, रबिन शाक्य, सुबिन बज्राचार्य, टेक रत्न बज्राचार्य, सुजित शाक्य |
| २०७८/०९ /१० गते बिहान ०९: ३० बजे | आयकर शिक्षा तथा अन्तरक्रिया कार्यक्रममा **विशिष्ट अतिथि / अतिथि**को आसन ग्रहणको निमन्त्रणा | काठमाण्डौं सुनचाँदी व्यवसायी संघ | नेपाल हाउस रेष्टुरेण्ट, हात्तीसार नक्साल | माणिक रत्न शाक्य / मणि रत्न शाक्य, धर्म सुन्दर बज्राचार्य | माणिक रत्न शाक्य, मणि रत्न शाक्य |
| २०७८/०९ /१७ गते बिहान ११: ०० बजे | नेपाल सुनचाँदी व्यवसायी संघ प्युठानको ८ औं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनमा **प्रमुख अतिथि**को रुपमा महासंघ अध्यक्ष वा प्रतिनिधिको उपस्थितिको निमन्त्रणा | नेपाल सुनचाँदी व्यवसायी संघ प्युठान | आयुष्मा होटेल जुम्री, प्युठान | अध्यक्ष वा प्रतिनिधि | लोक बहादुर स्वर्णकार |
| २०७८/९/ २४ | १४ औं बार्षिक साधारण सभा र छैठौं अधिवेशनमा सुदुरपश्चिम प्रदेश सभापति सन्तोष लामिछानेज्यू **प्रमुख अतिथिको** आसन मा सम्पन्न गर्ने जानकारी | कञ्चनपुर सुनचाँदी व्यवसायी संघ | कञ्चनपुर | सन्तोष लामिछाने | सन्तोष लामिछाने |
| २०७८/९/ २६ बिहान १०:०० बजे | नेपाल सुनचाँदी व्यवसायी संघ झापा, विर्तामोडको तेस्रो जिल्ला अधिवेशनमा महासंघ आध्यक्ष श्री माणिक रत्न शाक्यज्यू**प्रमुख अतिथि**मा निमन्त्रण गरिएकोमा रुपन्देही जिल्लाको साधारण सभा कार्यक्रम जुद्धिएकोले अर्जुन रसाईलीज्यूलाई **प्रमुख अतिथिको** लागी निमन्त्रण पत्र र नि. अध्यक्ष मोहन सुनारज्यू **विशिष्ट अतिथि**को आसन ग्रहण गरिदिन हुनको निमन्त्रणा | नेपाल सुनचाँदी व्यवसायी संघ झापा, विर्तामोड | सिटि सेन्टर पार्टी प्यालेस | माणिक रत्न शाक्य/अर्जुन रसाइली मोहन सुनार, मोहनकाजी शाक्य | अर्जुन रसाईली, रुपदल विश्वकर्मा, राज कुमार गुप्ता, टिकाराम लामगाडे |
| २०७८/९/ २८ | छैठौं बार्षिक साधारण सभामा सुदुरपश्चिम प्रदेश सभापति सन्तोष लामिछानेज्यू **प्रमुख अतिथि**को आसन मा सम्पन्न गर्ने जानकारी | डोटी सुनचाँदी व्यवसायी संघ | डोटी | सन्तोष लामिछाने | सन्तोष लामिछाने |
| २०७८/१० /६ | दोस्रो बार्षिक साधारण सभा तथा तेसो अधिवेशनमा सुदुरपश्चिम प्रदेश सभापति सन्तोष लामिछानेज्यू **प्रमुख अतिथि**को आसन मा सम्पन्न गर्ने जानकारी | घोडाघोडी सुनचाँदी व्यवसायी संघ | सुखड कैलाली | सन्तोष लामिछाने | सन्तोष लामिछाने |
| २०७८/१० /८ बिहान ०९: ०० बजे | संघको निर्माणाधिन भवन अवलोकन कार्यक्रम | काठमाण्डौं सुनचाँदी व्यवसायी संघ | कुसुमवियालाछ | | अध्यक्ष |
| ०७८/११/ २० | ने.सु.चाँ.व्य.महासंघको ९औं स्थापना दिवस आबद्ध जिल्ला/नगर संघहरुबाट सम्बन्धित जिल्ला/नगर मा कार्यक्रमगरी मनाइयो | आबद्ध जिल्ला/नगर संघहरु | सम्बन्धित जिल्ला/नगर मा | | |
| ०७८/११/ २८ बिहान ०८: ०० | नेपाल सुनचाँदी व्यवसायी संघ केन्द्रको २९ औं र ३० औं बार्षिक साधारण सभामा महासंघ अध्यक्ष लगायत सम्पूर्ण कार्य समिति सदस्यहरुलाई अतिथिको रुपमा निमन्त्रणा | नेपाल सुनचाँदी व्यवसायी संघ केन्द्र | एलिस रिशेप्सन, गैह्रिधारा | माणिक रत्न शाक्य सर्म्पूण कार्य समिति परिवार | माणिक रत्न शाक्य, तेज रत्न शाक्य, मणि रत्न शाक्य आदि ईत्यादी |
| ०७८/११/ २८ दिउँसो १२:१५ बजे देखि | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय राजेन्द्र प्रसाद श्रेष्ठज्यूको प्रमुख आतिथ्यता हुने काठमाण्डौं सुनचाँदी व्यवसायी संघको १९ औं बार्षिक साधारण सभामा महासंघ अध्यक्ष्य श्री माणिक रत्न शाक्यज्यू **विशिष्ट अतिथि** र व. उपाध्यक्ष श्री अर्जुन रसाईलीज्यू **अतिथि**मा साथै साधारण सभाको बन्द सत्र कार्यक्रममा श्री माणिक रत्न शाक्यज्यू प्रमुख अतिथिमा आमन्त्रण गरिएको | काठमाण्डौं सुनचाँदी व्यवसायी संघ | एलिस रिशेप्सन, गैह्रिधारा | माणिक रत्न शाक्य अर्जुन रसाईली | माणिक रत्न शाक्य, तेज रत्न शाक्य, मणि रत्न शाक्य, दियेश रत्न शाक्य, पवन कुमार सोमानी, महेन्द्र रत्न शाक्य, प्रकाश चन्द्र शाक्य |
| ०७८/११/ ३० बिहान ०८: ३० बजे | छैठौं वार्षिक साधारण सभामा **प्रमुख अतिथि**को रुपमा महासंघ अध्यक्षज्यू लाई निमन्त्रणा | रुपन्देहि सुनचाँदी व्यवसायी संघ | कुमारी रिसोर्ट वेलवास १३, शान्तिचोक, बुटवल | माणिक रत्न शाक्य | माणिक रत्न शाक्य, प्रेम कुमार सेञ्चुरी, जोगलाल विश्वकर्मा एम. बि. विश्वकर्मा, दिपक कुमार वि.क |
| ०७८/१२/ ०५ बिहान १०: ०० बजे | ने. सु.चाँ. व्य संघ कैलालीको तेस्रो साधारण सभा तथा दोस्रो अधिवेशनमा **प्रमुख अतिथि**को रुपमा महासंघ अध्यक्षज्यू लाई निमन्त्रणा | सुनचाँदी व्यवसायी संघ कैलाली | ॐ प्यालेस धनगढी, कैलाली | माणिक रत्न शाक्य | माणिक रत्न शाक्य, सन्तोष लामिछाने, कृष्णमान सोब |
| ०७८/१२/ १० बिहान १०: ०० बजे | ने. सु.चाँ. व्य संघ लमजुंग शाखाको २६ औं एवं लमजुंग स.चाँ. व्य. संघको ७ औं वार्षिक साधारण सभामा **प्रमुख अतिथि**को रुपमा महासंघ अध्यक्षज्यू लाई निमन्त्रणा | लमजुंग सुनचाँदी व्यवसायी संघ | गेटवे हिमालय रिसोर्ट, बेसीशहर | माणिक रत्न शाक्य | माणिक रत्न शाक्य, मोहन सुनार, चन्द्र किशोर गौतम प्रकाश चन्द्र शाक्य, |
| | | | | | सुबिन शाक्य, सुजित शाक्य, हरि बहादुर वि.क |
| ०७८/१२/ १२ दिउँसो ०२:३० बजे | बागमती प्रदेश सरकारका माननीय उद्योग तथा बाणिज्य मन्त्री श्री रजनी जोन्छेज्यूको प्रमुख अतिथिमा भक्तपुर सुनचाँदी व्यवसायी संघको ८ औं वार्षिक साधारण सभामा महासंघ अध्यक्षज्यू **विशिष्ट अतिथि** तथा पदाधिकारीज्यूहरु अतिथिको रुपमा आमन्त्रीत | भक्तपुर सुनचाँदी व्यवसायी संघ | भादगाउँ स्पोंट एण्ड लाइस्योर, सूर्यविनायक नगरपालिका, सिपाडोल लाकिला | माणिक रत्न शाक्य, तेज रत्न शाक्य, मणिरत्न शाक्य, अर्जुन रसाईली, दियेस रत्न शाक्य, धर्म सुन्दर बज्राचार्य | माणिक रत्न शाक्य, अर्जुन रसाईली, दियेस रत्न शाक्य, पद्‌म सुन्दर शाक्य |
| ०७८/१२/ १९ बिहान ०८: ३० बजे | मोरंग नगरको नगर प्रमुख प्रमुख आतिथ्यतामा हुने मोरंग सुनचाँदी व्यवसायी संघ, उर्लावारीको ८ औं वार्षिक साधारण सभामा महासंघ अध्यक्षज्यू **विशिष्ट अतिथि** तथा कार्यसमितिज्यूहरु अतिथिको रुपमा आमन्त्रीत | मोरंग सुनचाँदी व्यवसायी संघ, उर्लावारी | उर्लाबारी उद्योग वाणिज्य संघ | माणिक रत्न शाक्य कार्यसमितिज्यूहरु | माणिक रत्न शाक्य, मोहन काजी शाक्य, राम आशिस साह |
| ०७८/१२/ १९ बिहान १०: ०० बजे | बाँके सुनचाँदी तथा गहना व्यवसाय संघको ८ औं वार्षिक साधारण सभामालुम्बिनी प्रदेश सभापति बुद्धि बहादुर वि.के ज्यूलाई**प्रमुख आतिथ्यतामा**आमन्त्रण | बाँके सुनचाँदी तथा गहना व्यवसाय संघ | कोहलपुर पार्टी प्यालेस | बुद्धि बहादुर वि.के | |
| २०७८/१२ /२२ बिहान १०: ०० बजे | महासंघ अध्यक्षज्यूको हातबाट हुने नेपालगञ्ज सुनचाँदी व्यवसायी संघ, बाँकेको भवन निर्माण शिलान्यास कार्यक्रममा आमन्त्रण | नेपालगञ्ज सुनचाँदी व्यवसायी संघ, बाँके | टण्डन राईस मिल सदरलाइन नेपालगञ्ज | माणिक रत्न शाक्य | माणिक रत्न शाक्य |
| २०७८/१२ /२६ बिहान ०८: ०० बजे | महासंघ वरिष्ठ उपाध्यक्ष अर्जुन रसाईलीज्यूको **प्रमुख आतिथ्यतामा** हुने मकवानपुर सुनचाँदी व्यवसायी संघको वनभोज तथा मनोनित वरिष्ठ उपाध्यक्ष, सहकोषाध्यक्ष, सदस्यहरुलाई पद बहालको प्रमाण पत्र तथा सपथ ग्रहण कार्यक्रममा निमन्त्रण | मकवानपुर सुनचाँदी व्यवसायी संघ | विखण्डेश्वर मन्दिर समीप टौवास पिक्नीक स्थल | अर्जुन रसाईली | |
| २०७८/१२ /२६ दिउँसो ०३: ०० बजे | महासंघ अध्यक्ष माणिक रत्न शाक्यज्यूको **प्रमुख आतिथ्यतामा** हुने नेपाल सुनचाँदी व्यवसायी संघ काभ्रेको सातौं बार्षिक साधारण सभा तथा चौथौं अधिवेशन कार्यक्रममा निमन्त्रण | नेपाल सुनचाँदी व्यवसायी संघ काभ्रे | गौतम भिलेज रिसोर्ट बनेपा | माणिक रत्न शाक्य लगायत ५ जना कार्य समिति सदस्यहरु | माणिक रत्न शाक्य, मणि रत्न शाक्य, दियेश रत्न शाक्य, महेन्द्र रत्न शाक्य |
| ०७८/१२/ २८ बिहान ११: ०० बजे | भरतपुर महानगर पालिका प्रमुख रेणु दहालज्यूको **प्रमुख आतिथ्यतामा** हुने ने. सु.चाँ. व्य संघ चितवनको छैठौं तथा सातौं वार्षिक साधारण सभा र चौथौं अधिवेशन मा महासंघ अध्यक्ष माणिक रत्न शाक्यज्यू**विशिष्ट आतिथिमा निमन्त्रण** | ने. सु.चाँ. व्य संघ चितवन | दियालो फुड ल्याण्ड, क्षेत्रपुर - २ विक्रममार्ग | माणिक रत्न शाक्य | माणिक रत्न शाक्य अनुपस्थित |

प्रकाशकः नेपाल सुनचाँदी व्यवसायी महासंघ, प्रकाशन समिति।
संयोजकः किरण भाई बज्राचार्य
सदस्यहरूः मनोज कुमार साह, पद्‌म सुन्दर शाक्य, सुब्बा सुनार, मदनकाजी शाक्य।
संपादकः शिव दुवाडी

मुद्रणः Rise Print
Call: 9841299668
www.riseprint.com.np